


# बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीति

## २०७५

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार

# बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीति २०७५

(नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर)को
मिति २०७५ फाल्गुन १३ गतेको निर्णयबाट स्वीकृत)


**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**सिंहदरबार**

**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

**फोन नं :** ०१४२००३८३
**वेभसाईट :** www.moest.gov.np
**इमेल :** info@moe.gov.np

©: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार

**प्रकाशकः**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार

**निर्दिष्ट उद्धरण :**

**बृहत् विद्यालय सुरक्षा सञ्चार तथा सम्प्रेषण रणनीति,** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार ।

# बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीतिको सम्बन्धमा

नेपाल प्राकृतिक विपद् उन्मुख मुलुक हो। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) ले नेपाललाई जलवायु परिवर्तनका कारण विश्वकै चौथो विपद् उन्मुख तथा भूकम्पीय तथा बाढीपहिरोका दृष्टिकोणले क्रमशः एघारौँ र तीसौँ सङ्कटासन्न मुलुक भनी सूचीकृत गरेको छ। यस्ता विपद्का कारण विद्यालय शिक्षामा अवरोध पुग्न सक्छ, भौतिक संरचनाहरू नष्ट हुन सक्छन्। साथसाथै विद्यार्थी र शिक्षकलाई चोटपटक लाग्ने, आघात पुग्ने तथा उनीहरूको मृत्युसमेत हुने अवस्था सिर्जना हुन सक्छ। विपद् बाहेक सिकाइस्थलमा हुन सक्ने हिँसा द्वन्द्व, विभेद जस्ता अन्य जोखिमहरूले पनि विद्यालय शिक्षामा अवरोध पुग्न सक्छ।

सुरक्षित सिकाइ वातावरणमा गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्दै विद्यालय, विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई प्राकृतिक विपद् तथा द्वन्द्व, विभेद जस्ता अन्य जोखिमहरूबाट जोगाउने एवम् प्रतिरक्षा गर्ने अविछिन्न तथा दिर्घकालीन अवधारणा अनुसार नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय क्षेत्र विकास योजना (२०१६/१७-२०२२/२३) अन्तर्गत रहेर बृहत् विद्यालय सुरक्षा गुरुयोजना (२०७४) तयार पारेको छ। संयुक्त राष्ट्रसंघको विपद् जोखिम न्यूनीकरण रणनीति तथा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको विश्वव्यापी सञ्जालको पहलमा विकास भएको बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका तीन स्तम्भहरूको आधारमा तयार पारिएको यो गुरुयोजनाको योजनाबद्ध कार्यान्वयनका लागि विद्यालयहरूले तुरुन्तै कार्यान्वयन गर्नसक्ने न्यूनतम् प्रावधानहरू समेटेर बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको निर्माण गरिएको छ। सन् २०३० सम्म देशभरका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूले अनिवार्य रूपमा कार्यान्वयन गरिसक्नुपर्ने यो न्यूनतम् प्याकेजको कार्यान्वयनलाइ सहजीकरण गर्न बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि को समेत निर्माण गरिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार पारेको न्यूनतम् प्याकेज तथा कायविधिको बारेमा सुसूचित गरी नेपालका विद्यालयहरूमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्न तथा कार्यान्वयनका लागि सहयोग गर्न सम्बन्धित सरोकारवालाहरूको ज्ञान तथा सचेतनास्तर वृद्धि गर्दै उनीहरूलाई अभिप्रेरित गर्ने उदेश्यले यो बृहत विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीति तयार गरिएको हो। यस रणनीतिको सफल कार्यान्यनले विद्यालय व्यवस्थापन समिति लगायत विद्यालय परिवारको ज्ञान तथा चेतनास्तरमा भएको वृद्धि तथा उत्प्रेरणाले गर्दा उनीहरूमा विशेष गरी न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि आवश्यक योजना बनाउन, बजेट व्यवस्थापन गर्न तथा कार्यान्वयन गर्न इच्छा शक्ति बढ्ने अपेक्षा गरिएको छ। यसै गरी स्थानीय सरकारको ज्ञान तथा चेतनास्तरमा भएको वृद्धि तथा उत्प्रेरणाले न्यूनतम् प्याकेज सबै विद्यालयमा लागू गर्न चाहिने योजना बन्ने, स्रोत परिचालन हुने, अनुगमन हुने र नियमावली तयार हुनेछ भन्नेसमेत अपेक्षा गरिएको छ।

विभिन्न स्थलगत अध्ययन, व्यवहार परिवर्तन सञ्चारका विभिन्न सिद्धान्त तथा मोडलका आधारमा तयार पारिएको यस रणनीतिले खासगरि अपेक्षित परिणाम हासील गर्न कुन समूह वा समुदायलाइ लक्षित गरी के कस्ता सन्देश तथा सुचनाहरू, कुनकुन सञ्चार सामग्रीहरू वा कार्यक्रमहरू, कुन सञ्चार माध्यममार्फत प्रचार प्रसार गर्दा प्रभावकारी हुन्छ भनेर जानकारी दिन्छ।

यस रणनीतिले देशभरिका सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने, यसका लागि सहयोग र प्रवर्द्धन गर्ने सबै निकाय तथा सरोकारवालाहरूलाई सहजता प्रदान गर्दछ भन्ने अपेक्षा राखिएको छ।

## रणनीतिका मुख्य बुँदाहरू

### लक्ष्य

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन मार्फत विद्यालय परिवारको सचेतना वृद्धि गरी सुरक्षित संस्कृति निर्माण गर्नु यसको प्रमुख लक्ष्य रहेको छ ।

### उद्देश्य

सञ्चार तथा सम्प्रेषणका विभिन्न माध्यमहरूको पहिचान गर्नु, बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजको महत्वको प्रचारप्रसार गर्नु र सबै सरोकारवालालाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन गर्न सहजता प्रदान गर्नु हो । यदि कहीँ कतै कसैलाई कार्यान्वयनमा कठिनाइ आइपरे यसका लागि सहयोग तथा कार्यान्वयन कार्याविधि प्रयोग गर्न अभिप्रेरित गर्नु यसको उद्देश्य रहेको छ ।

### क्षेत्र

यस रणनीतिले नेपालका सामुदायिक र संस्थागत विद्यालयअन्तर्गतका पूर्व बालविकास कक्षादेखि माध्यमिक विद्यालयसम्मका सबै सरोकारवालालाई समेटेको छ ।

### प्रयोगकर्ताहरू

देशभरिका सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने, कार्यान्वयनका लागि सहयोग तथा प्रवर्द्धन गर्ने सबै निकाय तथा सरोकारवालाहरू नै यस रणनीतिका प्रयोगकर्ताहरू हुन् । त्यसैले यस रणनीतिका मुख्य प्रयोगकर्ता शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यसअन्तर्गतका केन्द्रीय तहका निकायहरू, सामाजिक विकाससँग सम्बन्धित प्रादेशिक मन्त्रालयहरू (जसले प्रादेशिक सरकारमा शिक्षा हेर्छन्) गैह्रसरकारी सङ्घसंस्थाहरू, अन्तराष्ट्रिय गैह्रसरकारी सङ्घसंस्थाहरू र विकास साझेदारहरू हुन् । यसबाहेक स्थानीय सरकार, उद्योगी व्यवसायीहरू, प्रतिनिधि सङ्घसंस्थाहरू, महासङ्घहरू र कार्यान्वयनका अन्य स्थानीय साझेदारहरू, जस्तै : गैह्रसरकारी संस्था, समुदायमा आधारित सङ्घसंस्था, सम्बिन्धत क्षेत्रका सङ्घसङ्गठन तथा महासङ्घहरू र स्थानीय प्रभावशाली व्यक्तित्वहरू आदिलाई पनि यस रणनीतिका प्रयोगकर्ताका रूपमा लिन सकिन्छ ।

## रणनीतिको प्रयोजन

बृहत् विद्यालय सुरक्षा सञ्चार गतिविधिहरूका लागि लक्षित समूह पहिचान गर्न तथा बृहत् विद्यालय सुरक्षा र यसको महत्वका बारेमा लक्षित समूहहरूको ज्ञान एवम् सचेतना अभिवृद्धि गर्नका लागि यस रणनीतिलाई मार्गनिर्देशकका रूपमा प्रयोग गर्न सकिन्छ ।

यस रणनीतिको विकासको क्रममा सहयोग गर्ने सबै विकास साझेदारहरु एवं सहकार्य गर्ने व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछौँ ।

# विषयसूची

**बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीतिका सन्दर्भमा**
रणनीतिका मुख्य बुँदाहरू

खण्ड १ परिचय १
१.१ विद्यालय सुरक्षाका परिदृश्य १
१.२ बृहत् विद्यालय सुरक्षा गुरुयोजना २
१.३ सञ्चार तथा सम्प्रेषण रणनीतिको औचित्य ३
१.४ लक्ष्य र उद्देश्य ३
१.५ रणनीति प्रयोगकर्ता ४

**खण्ड २ रणनीतिका तत्त्वहरू ५**
२.१ लक्षित समूहहरू ५
२.२ लक्षित समूहहरूको बहुपक्षीय भूमिका ८
२.३ लक्षित समूहहरूले गर्नुपर्ने कार्यहरू, आवश्यक ज्ञान र अवरोधहरू तथा उत्प्रेरक तत्त्वहरू ९
२.४. मुख्य सन्देश १०
२.५ मुख्य सन्देश प्रसारण गर्ने च्यानल र माध्यमहरू १०

**खण्ड ३ रणनीति कार्यान्वयन गर्ने मार्ग तथा कार्यान्वयनकर्ताहरू १२**
३.१ विद्यार्थी १२
३.२ शिक्षक १३
३.३ विद्यालय व्यवस्थापन समिति १४
३.४ अभिभावक तथा स्थानीय समुदाय १५
३.५ स्थानीय सरकार र स्थानीय तथा राष्ट्रिय संचारमाध्यम १६
३.६. सङ्घीय तथा प्रादेशिक सरकार, गैह्रसरकारी संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा विकास साझेदार १७

**खण्ड ४ रणनीति कार्यान्वयन १८**
४.१ कार्यान्वयन विधि १८
४.२ विकास पद्धतिका लागि सञ्चार १८
४.३ समस्त कार्यान्वयन रूपरेखा २०
४.४ कार्ययोजना २१
४.५ अनुगमन तथा मुल्याङ्कन २१

अनुसूची १ : बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज क्रियाकलापका क्षेत्रहरू २२
अनुसूची २ : बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको कार्यक्षेत्रहरू २३
अनुसूची ३ : न्यूनतम् प्याकेज कार्यान्वयनका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी कार्य र आवश्यक ज्ञान, अवरोध र सहजीकरण २४
अनुसूची ४ : बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको फाइदा २७
अनुसूची ५ : सञ्चार सामग्रीहरू उत्पादनका लागि ढाँचा २८
अनुसूची ६ : बृहत् विद्यालय सुरक्षा सञ्चार तथा सम्प्रेषण रणनीतिका बारेमा स्थानीय सरकार, बृहत् विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरणका सम्पर्क व्यक्तिहरूलाई अभिमुखीकरण २९
अनुसूची ७ : बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा लक्षित समूहलाई जानकारी दिने कार्ययोजनाको नमूना ३०
अनुसूची ८ : बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको सुदृढ बुझाइ मापनकालागि सुझाइएका मुख्य सूचकहरू ३८

# सङ्क्षेपीकरण

| | |
|---|---|
| CEHRD | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (पहिलाको शिक्षा विभाग) |
| CSS | बृहत् विद्यालय सुरक्षा |
| DRR | विपद् जोखिम न्यूनीकरण |
| GESI | लैङ्गिक समानता र सामाजिक समावेशीकरण |
| IEC | सूचना शिक्षा तथा सञ्चार |
| INGO | अन्तराष्ट्रिय गैह्रसरकारी सङ्घसंस्था |
| MoEST | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| NDRC | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण केन्द्र |
| NGO | गैह्रसरकारी सङ्घसंस्था |
| PTA | शिक्षक अभिभावकसङ्घ |
| SDG | दिगो विकास लक्ष्य |
| SMC | विद्यालय व्यवस्थापन समिति |
| SZOP | विद्यालय शान्तिक्षेत्र |
| UNICEF | संयुक्त राष्ट्रसङ्घीय बालकोष |

खण्ड १

# परिचय

## १.१ विद्यालय सुरक्षाका परिदृश्य

नेपालले विद्यालय शिक्षा प्रणालीको सुधार र विस्तारमा उल्लेख्य प्रगति हासील गरेको छ । यद्यपि प्राकृतिक विपद् र अन्य जोखिमका कारण शिक्षा क्षेत्रमा हासिल गरेको उपलब्धि गुम्ने तथा विद्यालय एवम् विद्यार्थीको सुरक्षामा आइपर्ने खतरा कायमै छ ।

### प्राकृतिक विपद्प्रतिको सङ्कटासन्नता

नेपाल प्राकृतिक विपद् उन्मुख मुलुक हो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) ले नेपाललाई जलवायु परिवर्तनका कारण विश्वकै चौथो विपद् उन्मुख तथा भूकम्पीय तथा बाढीपहिरोका दृष्टिकोणले क्रमशः एघारौँ र तीसौँ सङ्कटासन्न मुलुक भनी सूचीकृत गरेको छ । यस्ता विपद्का कारण विद्यालय शिक्षामा अवरोध पुग्न सक्छ, भौतिक संरचनाहरू नष्ट हुन सक्छन् । साथसाथै विद्यार्थी र शिक्षकलाई चोटपटक लाग्ने, आघात पुग्ने तथा उनीहरूको मृत्युसमेत हुने अवस्था सिर्जना हुन सक्छ । नेपालका धेरै विद्यालय भवनहरू भुकम्पीय सङ्कटासन्न अवस्थामा छन् । वि.सं. २०७२ मा नेपालमा आएको भूकम्पले आंशिक र पूर्ण रूपमा ३५,००० कक्षाकोठा क्षतिग्रस्त भए । अहिले पनि दस लाखभन्दा बढी बालबालिकाका लागि सुरक्षित र स्थायी सिकाइ स्थलको अभाव छ । वि.सं. २०७२ वैशाख १२ गतेको भूकम्प शनिबार अर्थात् सार्वजनिक बिदाको दिन आएको थियो । यदि उक्त भूकम्प विद्यालयमा पढाइ भइरहेको समयमा आएको भए दसौँ हजार विद्यार्थीहरूको ज्यान जान सक्ने थियो । कैयौँ विद्यार्थी ध्वस्त विद्यालय संरचनाभित्र पुरिएर गम्भीर घाइते हुने थिए । नेपालमा बाढीपहिरो र आँधीबेहेरीको जोखिम पनि उच्च नै छ । सन् २०१७ मा नेपालको तराई क्षेत्रमा आएको बाढीले दुई लाख बीस हजार बालबालिकाको शिक्षालाई असर पुर्याएको थियो । त्यस्तै पहिरो र आँधीबेहेरीले पनि नेपालको विद्यालय शिक्षालाई बारम्बार जोखिममा पारिरहेका हुन्छन् । त्यस्ता विपद्बाट विद्यालयहरूलाई जोगाउन र ती विपद्को सामना गरी असर न्यूनीकरण गर्न विपद् नियन्त्रणका उपायहरू आवश्यक हुन्छन् ।

### अन्य जोखिमहरू

विद्यार्थीको सुरक्षा र उनीहरूको शिक्षामा अन्य चुनौतीपनि छन्, जस्तैः

१. सशस्त्र द्वन्द्व र अरु किसिमका हिंसाहरू

२. विद्यालयमा राजनीतिक पार्टीहरूबाट हुने हस्तक्षेप

३. विद्यार्थीहरूमा हुने विभेद, दुर्वव्यवहार, शोषण र बेवास्ता आदि ।

त्यसैले विद्यार्थीलाई यस्ता चुनौतीहरूबाट सुरक्षित राख्ने र विद्यालयलाई शान्तिक्षेत्र बनाउने विभिन्न उपायहरू कार्यान्वयन गर्नसमेत उत्तिकै आवश्यक छ ।

**परिभाषा**

शिक्षण सिकाइ प्रक्रियालगायत विद्यालय, विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई प्राकृतिक विपद् तथा द्वन्द्व, विभेद जस्ता अन्य जोखिमहरूबाट जोगाउने एवम् प्रतिरक्षा गर्ने कार्य नै **'बृहत् विद्यालय सुरक्षा'** हो । विपद् जोखिम न्यूनीकरण बृहत् विद्यालय सुरक्षा अवधारणाको मुख्य तत्त्व भएता पनि अन्य किसिमका जोखिमहरूलाई समेत यस अवधारणाले सम्बोधन गर्नुपर्ने कुरा विचारणीय छ । बृहत् विद्यालय सुरक्षा विद्यालय सुरक्षाको एउटा समग्र उपाय हो, जसले विपद् नियन्त्रण, प्रतिरक्षा र विपद् रोकथामको सम्बोधनका उपायहरूको प्रयोग गरी बालबालिकाको सुरक्षा गर्दछ र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा कायम राख्न सहयोग गर्दछ ।

## १.२ बृहत् विद्यालय सुरक्षा गुरुयोजना

यस रणनीतिले बृहत् विद्यालय सुरक्षा गुरुयोजना र सन् २०१७/१८ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय एवम् शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेका अन्य दुई ओटा दस्तावेजहरू (बृहत् विद्यालय सुरक्षाका न्यूनतम् प्याकेज र बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि) सँग प्रत्यक्ष सम्बन्ध राख्छ। यी दस्तावेजमा नेपालमा बृहत् विद्यालय सुरक्षाको आवश्यकता, कार्यान्वयन र प्रबर्द्धनका विषयमा समेत विस्तृत रूपमा उल्लेख गरिएको छ।

**बृहत् विद्यालय सुरक्षा गुरुयोजना निर्माणको आधार**

विगतदेखि नै कार्यान्वयनमा रहेका विद्यालय सुरक्षाका विभिन्न प्रयासहरूको अपर्याप्तता तथा वि.सं.२०७२ सालको भूकम्पले पुर्याएको क्षतिका कारणले गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई नेपालका विद्यालयहरूको सुरक्षाका लागि प्रभावकारी योजना र रणनीतिको आवश्यकता महसुस भयो। त्यसैका आधारमा विद्यालय शिक्षा सुधारको महत्त्वपूर्ण रणनीतिका रूपमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP, 2016-2023) मा बृहत् विद्यालय सुरक्षा गुरुयोजना तयार गर्ने र लागू गर्ने कुरासमेत समावेश गरियो।

बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले सबै विद्यार्थीले सुरक्षित सिकाइ स्थलमा अध्ययन गर्न पाउने आधार तय गरेको छ। यसको पहिलो खण्डले नेपालमा प्राकृतिक विपद् र केही समय अघिका विपद्का असरहरूलाई व्याख्या गर्दै विपद् जोखिम न्यूनीकरण नीति र विपद् न्यूनीकरणको संस्थागत कार्यढाँचालाई प्रस्तुत गरेको छ। नेपालका विद्यालयहरूलाई सुरक्षित बनाउनका लागि यस बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले विद्यालयहरूको सङ्कटासन्नताका कारणहरू तथा वि.सं.२०७२ को भूकम्पमा गरिएका प्रतिकार्यहरूको विश्लेषण गर्नुका साथै विगतका अभ्यासहरूको अनुभवलाई समेत प्रस्तुत गर्दछ। यस गुरुयोजनाको दोस्रो खण्डले नेपालका विद्यालयहरूको सुरक्षाका लागि विस्तृत कार्ययोजना कार्यान्वयन र योजनाको सञ्चालनका लागि संस्थागत व्यवस्थापनलाई जोड दिएको छ।

### बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज

नेपालका विद्यालयहरूलाई सुरक्षित सिकाइ वातावरणमा रूपान्तरण गर्न गुरुयोजनाको एउटा मुख्य भागका रूपमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज रहेको छ। यस प्याकेजमा विद्यालय सुरक्षाका लागि आवश्यक न्यूनतम् १६ ओटा क्रियाकलापहरू समावेश गरिएका छन्। ती क्रियाकलापहरूमध्ये सुरक्षित सिकाइसँग सम्बन्धित चार ओटा, विद्यालय विपद् व्यवस्थापनसँग सम्बन्धित आठ ओटा र जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा अर्थात् विपद्पछिको उद्धार कार्यसँग सम्बन्धित चार ओटा क्रियाकलापहरू रहेका छन्।

सन् २०३० सम्ममा नेपालका सबै विद्यालयहरूमा न्यूनतम् सुरक्षाको व्यवस्था गर्न सरकारले चरणबद्ध रूपमा न्यूनतम् प्याकेजलाई लागू गर्दै लैजाने योजना छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पूर्व बालविकास शिक्षालगायत सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा यो प्याकेज लागू गर्ने प्रतिबद्धता गरेको छ।

### बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि

विद्यालय र स्थानीय सरकारलाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज लागू गर्न मार्गनिर्देश गर्ने एकमात्र माध्यम बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि हो। यस कार्यविधिमा १५ ओटा कार्यक्षेत्रहरू र ती कार्यक्षेत्रसँग सम्बन्धित अन्य क्रियाकलापहरू समावेश गरिएका छन्। यस कार्यविधिमा भएका क्रियाकलापहरूमध्ये विद्यालयले नौ ओटा र स्थानीय सरकारले छ ओटा क्रियाकलापहरू लागू गर्नु पर्दछ। बृहत् विद्यालय सुरक्षा रणनीति लागूगर्न यस कार्यविधिले ३० ओटाभन्दा बढी व्यावहारिक उपायहरू (Tools) र थप निर्देशनहरूसमेत समावेश गरेको छ।

## १.३ सञ्चार तथा सम्प्रेषण रणनीतिको औचित्य

नेपालका विद्यालयहरूमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्न तथा कार्यान्वयनका लागि सहयोग गर्न सम्बन्धित सरोकारवालाहरूको ज्ञान तथा सचेतनास्तर वृद्धि गर्दै उनीहरूलाई अभिप्रेरित गर्न आवश्यक छ । विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक, स्थानीय सरकार, अभिभावक र अन्य सरोकारवालाहरूमा बृहत् विद्यालय सुरक्षाका लागि आवश्यक ज्ञान र सीपको अपर्याप्तताका कारणले उनीहरूमा बृहत् विद्यालय सुरक्षा क्रियाकलापको महत्त्व महसुस हुन सकेको छैन । यसले गर्दा सबै सरेकारवालाहरू बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्न वा कार्यान्वयनका लागि वातावरण सिर्जना गर्नसमेत प्रेरित हुँदैनन् । तल प्रस्तुत गरिएका विभिन्न कारणहरूले गर्दा सरोकारवालाहरूमा यस्तो प्रवृत्ति हुने गरेको कुरा सञ्चार तथा सम्प्रेषण रणनीति निर्माणका क्रममा गरिएको अध्ययनले देखाएको छ :

- प्राकृतिक विपत्हरूको भविष्यवाणी गर्न सकिँदैन र त्यसलाई रोकथामका लागि खासै केही पनि गर्न सकिँदैन,

प्रायः शिक्षकहरू बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण जस्ता अतिरिक्त शैक्षिक क्रियाकलापका विषयहरूमा विद्यार्थीसँग अन्तरक्रिया गर्दैनन् । उनीहरूसँग यस्ता विषयमा विद्यार्थीसँग अन्तरक्रिया गर्ने र आवश्यक सुझाव दिने सीप र उत्प्रेरणाको कमी छ । शिक्षकहरूको कार्यक्षमता विद्यार्थीले परीक्षामा गरेको कार्यको नतिजाका आधारमा मापन गरिने हुँदा उनीहरू शैक्षिक पाठ्क्रमलाई मात्र जोड दिन्छन् । बृहत् विद्यालय सुरक्षा जस्ता अन्य शैक्षिक विषयहरू शिक्षण सिकाइको प्राथमिकतामा पर्दैनन्,

- अभिभावकहरू आफ्ना छोराछोरीले परीक्षामा राम्रो कार्यक्षमता प्रस्तुत गरून् भन्ने चाहन्छन् । उनीहरू छोराछोरीको अतिरिक्त शैक्षिक क्रियाकलापमा कम महत्त्व दिन्छन्,
- विद्यालय शिक्षाको पाठ्क्रममा बृहत् विद्यालय सुरक्षालाई पर्याप्त मात्रामा समावेश गर्न सकेको छैन ।

## १.४ लक्ष्य र उद्देश्य

### लक्ष्य

बृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीतिको मुख्य लक्ष्य भनेको सुरक्षित विद्यालयको महत्त्वका बारेमा ज्ञान तथा सचेतना अभिवृद्धि गर्नुका साथै बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन मार्फत सबै विद्यालयका विशेषतः प्रत्येक बालबालिकाको सुरक्षाप्रति प्रतिबद्धता सुनिश्चित गर्नु हो । यस रणनीतिले न्यूनतम् प्याकेजको कार्यान्वयनलाई देशभरिका सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा सुनिश्चित गर्ने सबैभन्दा उत्तम उपायका रूपमा ग्रहण गरेको छ ।

### उद्देश्य

यस रणनीतिको उद्देश्य सञ्चार तथा सम्प्रेषणका विभिन्न माध्यमहरूको पहिचान गर्नु, बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजको महत्त्व प्रचारप्रसार गर्नु र सबै सरोकारवालालाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयन गर्न सहजता प्रदान गर्नु हो । यदि कहीँ कतै कसैलाई कार्यान्वयन कठिनाइमा आइपरे यसका लागि सहयोग तथा कार्यान्वयन कार्यविधि प्रयोग गर्न अभिप्रेरित गर्नु हो ।

### अपेक्षित परिणाम

विद्यालय व्यवस्थापन समितिलगायत विद्यालय परिवारको ज्ञान तथा चेतनास्तरमा भएको वृद्धि तथा उत्प्रेरणाले गर्दा उनीहरूमा विशेष गरी न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि आवश्यक योजना बनाउन, बजेट व्यवस्थापन गर्न तथा कार्यान्वयन गर्न इच्छाशक्ति बढ्ने अपेक्षा गरिएको छ । यसै गरी स्थानीय सरकारको ज्ञान तथा चेतनास्तरमा भएको वृद्धि तथा उत्प्रेरणाले न्यूनतम् प्याकेज सबै विद्यालयमा लागू गर्न चाहिने योजना बन्ने, स्रोत परिचालन हुने, अनुगमन हुने र नियमावली तयार हुनेछ भन्नेसमेत अपेक्षा गरिएको छ ।


## १.५ रणनीति प्रयोगकर्ता

देशभरिका सबै विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन, कार्यान्वयनका लागि सहयोग र यसको प्रबर्द्धन गर्ने सबै निकाय तथा सरोकारवालाहरू नै यस रणनीतिका प्रयोगकर्ता हुन् । त्यसैले यस रणनीतिका मुख्य प्रयोगकर्ता शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका केन्द्रीय तहका निकायहरू, सामाजिक विकाससँग सम्बन्धित प्रादेशिक मन्त्रालयहरू (जसले प्रादेशिक सरकारमा शिक्षा हेर्छन्) गैह्रसरकारी सङ्घसंस्थाहरू, अन्तराष्ट्रिय गैह्रसरकारी सङ्घसंस्थाहरू र विकास साझेदारहरू हुन् । यसबाहेक स्थानीय सरकार, उद्योगी व्यवसायीहरू, प्रतिनिधि सङ्घसंस्थाहरू, सम्बिन्धत क्षेत्रका सङ्घसङ्गठन तथा महासङ्घहरू र कार्यान्वयनका अन्य स्थानीय साझेदारहरू, जस्तै : गैह्रसरकारी संस्था, समुदायमा आधारित सङ्घसंस्था, महासङ्घहरू र स्थानीय प्रभावशाली व्यक्तित्वहरू आदिलाई पनि यस रणनीतिका प्रयोगकर्ताका रूपमा लिन सकिन्छ ।

उल्लिखित रणनीति प्रयोगकर्ताका मुख्य कार्यहरू तलको तालिकामा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**तालिका नं. १ यो रणनीति कार्यान्वयनका लागि प्रयोगकर्ताहरूले निम्नलिखित कार्यहरू गर्न सक्छन् :**

- सञ्चारका लागि उत्पादन गरिएका सामग्रीहरूको प्रयोग र सञ्चार सम्बन्धी क्रियाकलापहरूमार्फत मुख्य सन्देश सम्प्रेषण गर्न सक्छन्,
- रणनीति कार्यान्वयन गर्न सबै तहका सरकारलाई सहयोग गर्न सक्छन्,
- सञ्चारका लागि उत्पादन गरिएका सामग्रीहरू (छापा, विद्युतीय, डिजिटल आदि) र क्रियाकलापहरू (र्‍याली, कार्यशाला, तालिम, समुदायमा आधारित अन्य क्रियाकलापहरू) मा सहयोग गरेर वा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन्,
- उत्पादित सञ्चार सामग्रीहरूको प्रचारप्रसार गर्ने कार्यको नेतृत्व वा प्रचारप्रसार गर्ने कार्यमा सहयोग गर्न सक्छन्,
- सामाजिक परिचालन लगायतका समुदायमा आधारित सञ्चारसँग सम्बन्धित अन्य विविध गतिविधिहरू सञ्चालन गर्न वा सहयोग पुर्‍याउन सक्छन्,
- बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि आवश्यक नीति निर्माण गर्न तथा स्रोत परिचालन गर्न बहस तथा पैरवी गर्न सक्छन् ।



# खण्ड २

# रणनीतिका तत्त्वहरू

बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको सफलतापूर्वक कार्यान्वयनमा सहयोग गर्नका लागि जिम्मेवार व्यक्ति तथा सङ्घसङ्गठनको ज्ञान, प्रवृत्ति, अभ्यास र व्यवहारमा सुधार भएको हुनपर्छ । यस खण्डले विद्यालय सुरक्षाका लागि सञ्चार प्रवर्तनका मुख्य लक्षित समूहहरूको पहिचान गरी विद्यालयलाई सुरक्षित बनाउन उनीहरूको भूमिका, सम्प्रेषण गर्ने मूल सन्देशका किसिमहरू र सम्प्रेषण माध्यमहरूका बारेमा सामान्य जानकारी दिन्छ ।

## २.१ लक्षित समूहहरू

बृहत् विद्यालय सुरक्षाको महत्त्व र न्यूनतम् प्याकेजको कार्यान्वयनको सुनिश्चितताका लागि सञ्चारिने विभिन्न सञ्चार गतिविधिहरू तथा सन्देशहरूको प्रमुख लक्षित समूहहरू तल प्रस्तुत गरिएका छन् । बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने तल प्रस्तुत गरिएका व्यक्ति तथा सङ्घसंस्थाहरूको मुख्य भूमिका हुन्छ । त्यसैले उनीहरूले यी विषयका बारेमा धेरै कुरा बुझ्नुपर्ने हुन्छ ।

### विद्यार्थी

बृहत् विद्यालय सुरक्षाका आधिकारिक अर्थात् प्रमुख लाभग्राही विद्यार्थी नै हुन् । उनीहरूले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि पैरवी गर्ने र विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकलाई दबाब दिने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले उनीहरूलाई बृहत् विद्यालय सुरक्षाका विषयमा आवश्यक जानकारी प्रदान गरी न्यूनतम् प्याकेज कार्यान्वयनको माग गर्न सक्ने सचेत वर्ग बनाउनुपर्ने हुन्छ ।

### प्रधानाध्यापक तथा सम्पर्क शिक्षकहरू

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनमा प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न सम्पर्क शिक्षक एवम् अन्य सबै शिक्षकको मुख्य भूमिका रहन्छ । उनीहरूसँग स्रोतमाथिको नियन्त्रण र विद्यालयले गर्ने क्रियाकलापका बारेमा निर्णय लिने अधिकार हुन्छ । त्यसैले विद्यालयमा न्यूनतम् प्याकेजलाई पूर्ण रूपमा कार्यान्वयन गर्न उनीहरूको ज्ञान अभिवृद्धि भएको हुनुपर्छ र न्यूनतम् प्याकेज कार्यान्वयनमा उनीहरूको साथ सहयोग र सहमतिसमेत चाहिन्छ ।

### विद्यालय व्यवस्थापन समिति

विद्यालय व्यवस्थापनको जिम्मेवार निकाय विद्यालय व्यवस्थापन समिति भएकाले विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्ने जिम्मेवारीसमेत यसै समितिको हुन्छ । विद्यालय व्यवस्थापन समितिको उपसमितिका रूपमा रहेको विद्यालय विपद् व्यवस्थापन समितिको विशेष जिम्मेवारी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्नु पनि हो । त्यसैले विद्यालयमा न्यूनतम् प्याकेजलाई पूर्ण रूपमा कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समिति र यसअन्तर्गतका उपसमितिका पदाधिकारी तथा सदस्यहरूको सचेतना अभिवृद्धि हुनुका साथै बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनमा उनीहरूको सक्रिय सहभागिता र सहमतिसमेत चाहिन्छ ।

### अभिभावक

विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार र विद्यार्थीलाई अभिभावकले प्रभाव पार्दछन् । त्यसैले अभिभावकलाई बृहत् विद्यालय सुरक्षाको महत्त्वका बारेमा सचेत गराउनु पर्दछ । सुरक्षित वातावरणमा विद्यार्थीको सिकाइ अवसर अभिवृद्धि गर्न अभिभावकले आफ्ना छोराछोरीको विद्यालयमा न्यूनतम् प्याकेज लागू गराउने माग राख्न सक्छन् । शिक्षक अभिभावकसङ्घ नै विद्यालयमा अभिभावकहरूको प्रतिनिधि संस्था हो । अभिभावक लक्षित समूहभित्र स्थानीय समुदाय र स्थानीय समूह, जस्तै : उपभोक्ता समूह, आमा समूह र स्थानीय प्रभावशाली व्यक्तिहरूसमेत पर्दछन् । समुदायका यस्ता विश्साशीला समूहहरू र प्रतिनिधिहरू बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज क्रियाकलापमा सहभागी हुनुपर्छ ।




## स्थानीय सरकार

विद्यालयहरूसँगको सहकार्यमा प्रत्यक्ष रूपमा बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेज लागू गर्ने जिम्मेवारी स्थानीय सरकारको पनि हुन्छ । बृहत् विद्यालय सुरक्षाका सम्पर्क व्यक्तिहरू, स्थानीय विपद् तथा जलवायु प्रकोप उद्धार समितिहरू तथा शिक्षा शाखाहरू नै बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेज लागू गर्ने स्थानीय सरकारका जिम्मेवार निकायहरू हुन् । उनीहरू बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजमा लगानी गर्न सहमत हुनुपर्छ किनभने उनीहरूले नै बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज क्रियाकलापहरू लागू गर्न चाहिने आवश्यक स्रोत जुटाउँछन् ।

विद्यालयलाई प्रभाव पार्न र बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेज कार्यान्वयनमा सहयोग गर्न स्थानीय सरकारको मुख्य भूमिका हुन्छ । उनीहरूले नै नीति तय गर्दछन् र सुरक्षित विद्यालयको महत्त्वलाई जोड दिन्छन् । स्थानीय सरकार नै यी रणनीतिका सम्भावित प्रयोगकर्ता र लक्षित समूहसमेत हुन् । यी लक्षित समूहअन्तर्गत स्थानीय राजनीतिक पार्टीहरू र राजनीतिज्ञहरूसमेत पर्दछन् ।

## प्रादेशिक तथा सङ्घीय सरकार

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि उपयुक्त ऐननियम निर्माण गर्न र आवश्यक आर्थिक एवम् प्राविधिक स्रोतहरू उपलब्ध गराउनका लागि प्रादेशिक तथा सङ्घीय सरकारको शिक्षा हेर्ने मन्त्रालय र शिक्षा सम्बद्ध निकायहरूलगायत प्रतिनिधिसभा तथा प्रादेशिक सभाका सदस्यहरू, मन्त्रीहरू तथा अधिकारीहरूसमेत बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको महत्त्वका बारेमा विश्वस्त हुन आवश्यक छ । उक्त निकाय तथा सरोकारवालाहरूको अपनत्व र सहयोग न्यूनतम् प्याकेज कार्यान्वयनका लागि अपरिहार्य छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायहरू बृहत् विद्यालय सुरक्षाका मुख्य सरोकारवाला निकाय हुन् । यिनीहरूले बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा अन्य सम्बद्ध दस्तावेजहरूको निर्माण गरेका छन् । ती दस्तावेजहरूको स्वामित्व यिनै निकायहरूमा अन्तर्निहित छ । यस वर्गका लक्षित समूहअन्तर्गत सङ्घीय तथा प्रदेश स्तरका राजनीतिक दलहरूसमेत पर्दछन् । यिनीहरूले स्थानीय राजनीतिकर्मी तथा स्थानीय सरकारहरूलाई न्यूनतम् प्याकेज कार्यान्वयनका लागि वातावरण सिर्जना गर्न सक्छन् ।

## गैह्रसरकारी संस्था

राष्ट्रिय र स्थानीय गैह्रसरकारी संस्था तथा रीतिरिवाजमा आधारित संस्थाहरू समेतलाई बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको जानकारी हुनु आवश्यक छ किनभने उनीहरू पनि यो कार्यक्रम कार्यान्वयनका सहकर्मीहरू नै हुन् । उनीहरूको संलग्नता बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका उपायहरू र सञ्चारका लागि गरिएका पहलमा हुनुपर्छ । यी संस्थाहरूले समुदायमा काम गर्ने भएकाले स्थानीय समुदायले यिनीहरूलाई विश्स गर्छन् । यी संस्थाहरूले समुदायमा प्रवेश गर्ने मार्ग प्रशस्त गर्छन् । स्थानीय तहमा सञ्चार प्रतिकार्यका लागि आवश्यक स्रोत र पूर्वाधारका लागि सहयोगसमेत गर्दछन् ।

## अन्तराष्ट्रिय गैह्रसरकारी संस्था र विकास साझेदारहरू

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्न प्राविधिक र आर्थिक रूपमा कसरी सहयोग गर्न सकिन्छ भन्ने विशेष सन्दर्भ बुझ्नका लागि अन्तराष्ट्रिय गैह्रसरकारी संस्था र विकास साझेदारहरू (दुई पक्षीय दातृ निकाय र संयुक्त राष्ट्रसङ्घीय निकायहरू) तथा तिनीहरूका सञ्जाल र समूहहरूलाई समेत बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको विशिष्ट परिस्थितिका बारेमा जानकारी हुनुपर्दछ । युनिसेफ, संयुक्त राष्ट्रसङ्घीय निकायहरू र दुई पक्षीय निकायहरूले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि धेरै पहिलादेखि नै सरकारलाई सहयोग गरिरहेका छन् ।

## राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम तथा सञ्चार निकायहरू

जनचेतना र परिवर्तनको गति बढाउन भूमिका निर्वाह गर्ने राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम तथा सञ्चार निकायहरू महत्त्वपूर्ण लक्षित समूहका रूपमा रहेका हुन्छन् । यी माध्यमअन्तर्गत रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, विज्ञापन एजेन्सीहरू, कलाकार, डिजाइनर, पत्रकार तथा सार्वजनिक सम्बन्धमा रहेका व्यवसायीहरूले सामग्रीहरू विकास गर्ने र तिनीहरूको सन्देशलाई सम्प्रेषण गर्ने गर्दछन् । सामुदायिक रेडियो स्टेसनहरूले विशेष गरी दुर्गम क्षेत्रमा सूचना सम्प्रेषण गर्ने र समुदायलाई संलग्न गर्ने कार्यक्रमहरू प्रसारण गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । राष्ट्रिय र स्थानीय सञ्चार माध्यमसँग काम गर्ने गैह्रसरकारी संस्थाहरूको उपस्थिति प्रायः सबैतिर हुन्छ र तिनीहरूले सञ्चारकर्मी तथा कलाकारहरू पहिचान गर्न र समन्वय गर्न मदत पुर्‍याउँछन् । ती गैह्रसरकारी संस्थाले बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिको संवेदनशीलता बुझेर तिनीहरूका बारेमा समाचार तथा सन्देश सम्प्रेषण गर्नसमेत सक्छन् ।

**तालिका २ विभिन्न तहका लक्षित समूहलाई चाहिने सञ्चार मधयस्थताका मुख्य विशेषताहरू**

| तह | सञ्चार मध्यस्थताका मुख्य विशेषताहरू |
|---|---|
| **व्यक्तिगत र विद्यालय तह**<br>• विद्यालय व्यवस्थापन समितिहरू, शिक्षकहरू र विद्यार्थीहरू | • व्यक्तिहरूको व्यक्तिगत ज्ञान, प्रवृत्ति, प्रेरणा, आत्म-प्रभावकारिता, सीप विकास र व्यवहार रूपान्तरणमा ध्यान केन्द्रित गर्ने,<br>• अन्तर्वैयक्तिक सञ्चार, सञ्चार माध्यमहरू र विभिन्न सामाजिक सञ्जालमार्फत कार्य गर्ने । |
| **समुदाय तह**<br>• अभिभावक, शिक्षक अभिभावकसङ्घ र स्थानीय समुदायहरू | • सहभागितामूलक प्रक्रियाहरूमा संलग्न हुने, आफ्ना आवश्यकताहरूको पहिचान गर्ने, अधिकारहरूको माग गर्ने र सामाजिक प्रणालीलाई रूपान्तरण गर्ने समुदायका व्यक्तिहरूको सामूहिक सक्षमता अभिवृद्धिमा केन्द्रित हुने,<br>• विद्यालय व्यवस्थापन समिति र स्थानीय प्रतिनिधिहरूको व्यवहार रूपान्तरणका लागि छलफल तथा संवादमा जोड दिने,<br>• अन्तर्वैयक्तिक सञ्चार, सामुदायिक संवाद र सञ्चार माध्यमहरू तथा सामाजिक सञ्जालमार्फत कार्य गर्ने । |

| | |
|---|---|
| **सङ्गठन तह**<br><br>स्थानीय सरकार र गैह्रसरकारी संस्था | • समुदाय तह र स्थानीय सरकारमा सहकर्मीहरूलाई सङ्गठित गर्न सामूहिक उद्देश्यमा ध्यान दिने,<br>• अनुकूल वातावरण सिर्जना गर्न सामूहिक प्रभावकारिता र सशक्तीकरणमा जोड दिने,<br>• आपसी संवाद गर्ने, समूह निर्माण गर्ने र सङ्गठनात्मक संरचनामार्फत कार्य गर्ने । |
| **नीतिगत तह**<br>सङ्घीय तथा प्रादेशिक सरकार र अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरू | • अनुकूल नीति निर्माणका लागि नयाँ कानुन बनाउने वा कानुन परिमार्जन गर्ने,<br>• सामूहिक संवाद र सञ्चार माध्यममार्फत कार्य गर्ने । |




चित्र नं. १ बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको महत्त्वप्रति विश्वास राख्ने वा सहमत हुने मुख्य लक्षित समूहहरू

## २.२ लक्षित समूहहरूको बहुपक्षीय भूमिका

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनमा प्रायः सबै लक्षित समूहहरूको भूमिका बहुपक्षीय रहेको हुन्छ (तालिका नं २.१ हेर्नुहोस्) । उदाहरणका लागि विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने क्रममा विद्यार्थीले कार्यान्वयनकर्ताहरू (वि.व्य. स. तथा शिक्षकहरू) लाई दबाब दिन सक्छन् भने विद्यालयमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज लागू भएपछि त्यसको लाभग्राही पनि विद्यार्थी नै हुन्छन् । त्यस्तै सञ्चार माध्यमले न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने निकायलाई प्रभाव पार्न सक्छन् र कार्यान्वयनमा सहयोग पनि गर्न सक्छन् । यो सञ्चार रणनीति विशेष गरी बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने जिम्मेवार निकाय र ती निकायहरूलाई सहयोग गर्ने र प्रभावित पार्ने निकायहरूप्रतिनै लक्षित छ ।

**तालिका नं.२.१. बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनमा लक्षित समूहहरूको भूमिका**

| एकाइ | प्रत्यक्ष लाभग्राही र कार्यान्वयनकर्ता | कार्यान्वयनमा प्रभावपार्नेहरू | कार्यान्वयनमा प्रभाव पार्नेहरूका समर्थकहरू |
|---|---|---|---|
| विद्यार्थी | X | X | |
| शिक्षक | X | | |
| विद्यालय व्यवस्थापन समिति | X | | |
| अभिभावक | | X | |
| स्थानिय सरकार | X | X | |
| संङ्घीय तथा प्रदेश सरकार | | X | X |
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालयहरु र तिनीहरुका मातहतका निकाय | | X | X |
| गैह्रसरकारी संस्था र अर्धगैह्रसरकारी संस्था | | | X |
| सञ्चार | | X | X |

## २.३ लक्षित समूहहरूले गर्नुपर्ने कार्यहरू, आवश्यक ज्ञान र अवरोधहरू तथा उत्प्रेरक तत्त्वहरू

बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि लक्षित समूहले गर्नुपर्ने कार्यहरू, यो प्याकेजलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न लक्षित समूहलाई चाहिने ज्ञान, कार्यान्वयनका क्रममा आउन सक्ने अवरोधहरू तथा प्याकेजको कार्यान्वनका लागि लक्षित समूहलाई उत्प्रेरणा प्रदान गर्ने तत्वहरूको वरिपरि रहेर नै यो सञ्चार रणनीति तयार गरिएको हो । लक्षित समूह (विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकार) का लागि यो रणनीति तयार गर्दा उनीहरूको ज्ञान तथा सचेतनास्तर र न्यूनतम् प्याकेज कार्यान्वयनका क्रममा आउनसक्ने सम्भावित अवरोधहरूको विश्लेषण गर्नुका साथै लक्षित समूहलाई प्याकेज कार्यान्वयनमा उत्प्रेरणा प्रदान गर्ने तत्त्वहरूको समेत पहिचान गरिएको थियो । यस सम्बन्धी पूर्ण विश्लेषण अनुसूची ३ मा दिइएको छ ।

कार्यान्वयन कार्यविधिले विद्यालय तथा स्थानीय सरकारले गर्नुपर्ने खास कामहरूलाई विस्तृत रूपमा उल्लेख गरेको छ । यस रणनीतिको अनुसूची ३ मा चाहिँ ती खास कार्यहरूलाई संक्षिप्त रूपमा राखिएको छ । कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएको लक्षित समूहको भूमिकाका आधारमा सबै सरोकारवालाले निम्नलिखित कुराहरू थाहा पाउन जरुरी छ :

- बृहत् विद्यालय सुरक्षा अवधारणा,
- न्यूनतम् प्याकेजको कार्यान्वयनबाट विद्यालयलाई हुने फाइदा,
- न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिको मुख्य मुख्य विशेषताहरू,
- न्यूनतम् प्याकेज कार्यान्वयनमा लक्षित समूहको भूमिका र जिम्मेवारी ।

संक्षेपमा बृहत् विद्यालय सुरक्षा, बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिका बारेमा लक्षित समूहको सीमित ज्ञान नै बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको मुख्य अवरोध हो । अर्को प्रमुख अवरोध भनेको अन्य शैक्षिक क्रियाकलापको तुलनामा यो विषय कम प्राथमिकतामा पर्नु पनि हो । विशेष अवरोधअन्तर्गत चाहिँ शिक्षकले पाठ्क्रममा आधारित शिक्षण बाहेकका कार्य गर्न अनिच्छा प्रकट गर्नु र विद्यालयलाई सुरक्षित क्षेत्र बनाउन राजनीतिक प्रतिबद्धताको कमी हुनु नै हो । बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि मुख्य उत्प्रेरक तत्त्व भनेको विद्यालयलाई सुरक्षित बनाउने लक्षित समूहको चाहना र पर्याप्त बजेटको व्यवस्था हुनु हो ।

## २.४. मुख्य सन्देश

मुख्य सन्देशहरूको पहिचान र विकास गरी प्रमुख लक्षित समूहका लागि प्रत्येक रणनीतिमा ती सन्देशहरूलाई सूचीकृत गरी तेस्रो खण्डमा राखिएको छ। त्यसभित्र तलको तालिका नं. ३ मा उल्लेख गरिएका सामान्य सन्देशहरू र विशिष जिम्मेवारीका रूपरेखा सहितको लक्षित समूह विशेष सन्देशहरू पनि समावेश गरिएका छन्। यस रणनीतिले न्यूनतम् प्याकेजका मुख्य फाइदाहरूको सारांशलाई अनुसूची ४ मा प्रस्तुत गरेको छ।

### तालिका नं. ३ लक्षित समूहका लागि मुख्य सन्देशहरू

- बृहत् विद्यालय सुरक्षा विद्यालय सुरक्षाको एउटा समग्र दृष्टिकोण हो। यसभित्र विपद् रोकथाम र प्रतिकार्य एवम् बाल संरक्षण र विद्यालय शान्तिक्षेत्र पर्दछन्।
- विद्यालय सुरक्षाको न्यूनतम् स्वीकार्य तह प्राप्त गर्ने उपायहरू सहितको यो न्यूनतम् प्याकेज नेपाल सरकारले अनुमोदन गरेको सुरक्षा प्याकेज हो।
- विद्यार्थीलाई सबै किसिमका जोखिमहरूबाट सुरक्षा दिन, विद्यालयलाई सुरक्षित र विपद्पछिको उद्धार कार्यमा तत्पर राख्न न्यूनतम् प्याकेजको कार्यान्वयन नै उत्तम उपाय हो। न्यूनतम् प्याकेज कार्यान्वयनका लागि कार्यान्वयन कार्यविधिले विद्यालय र स्थानीय सरकारको जिम्मेवारीको रूपरेखा तयार पारेको छ।

## २.५ मुख्य सन्देश प्रसारण गर्ने च्यानल र माध्यमहरू

**(क) मुख्य च्यानलहरू**

सूचना, शिक्षा र सञ्चार सामग्रीहरू तथा महत्त्वपूर्ण सन्देशहरू सम्प्रेषण गर्ने मुख्य च्यानलहरू यस प्रकार छन् :

- **अन्तर्वैयक्तिक सञ्चार माध्यम**
  अन्तर्वैयक्तिक सञ्चार माध्यमअन्तर्गत तालिम, अभिमुखीकरण कार्यक्रम, घरदैलोमा भेटघाट, बैठक र अवलोकन भ्रमण आदि पर्दछन्।

- **समुदायमा आधारित सञ्चार माध्यम**
  समुदायमा आधारित सञ्चार माध्यमअन्तर्गत सामुदायिक सङ्घसङ्गठनले प्रदर्शन गर्ने ऱ्याली, नाटक मञ्चन, विशेष दिवस मनाउने, सूचनापाटी र सन्देश सम्प्रेषण गर्नेलगायत कार्य पर्छन्। यस अन्तर्गत शिक्षासम्बन्धी अभियानहरू, जस्तै : "विद्यालय शान्तिक्षेत्र" आदि पनि पर्दछन्।

- **ठूला सञ्चार माध्यमहरू**
  ठूला सञ्चार माध्यमहरूअन्तर्गत समाचारपत्र, पत्रपत्रिका, रेडियो, टेलिभिजन, फेसबुक र अन्य सामाजिक सञ्जाल, इन्टरनेटमा आधारित अनलाइन न्युजपोर्टल र लिखित सन्देशहरू (एसएमएस) पर्दछन्।

- **सामुदायिक सङ्घसंस्थाहरू**
  सामुदायिक सङ्घसंस्थाहरू सहकार्यका लागि स्थापित एवम् सञ्चालित भएका हुन्छन्। यिनीहरूले धेरैभन्दा धेरै सरोकारवालाहरूलाई समेट्छन्। यिनीहरू स्थानीय समुदायको अङ्गका रूपमा लक्षित समूह पनि हुनसक्छन्।

- **प्रतिनिधि सङ्घसंस्थाहरू**
  प्रतिनिधि सङ्घसंस्थाहरू भन्नाले राष्ट्रिय र प्रादेशिक महासङ्घ, विद्यार्थी र शिक्षकका सङ्घसङ्गठनहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलगायत पर्दछन्। यिनीहरूले बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्न र आफ्ना सदस्यहरूसम्म पुगी उनीहरूलाई प्रभाव पार्न आफ्नो पदीय भूमिका र जिम्मेवारीलाई उपयोगी माध्यमका रूपमा समेत प्रयोग गर्न सक्छन्।

**(ख) सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू**

सञ्चार अभियानमा उपलब्ध सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू प्रयोग गरिन्छ अथवा आवश्यकता अनुसारका उत्कृष्ट लक्षित सामग्रीहरू आफैँ उत्पादन गरिन्छ। विपद् जोखिम न्यूनीकरण र बाल संरक्षण कार्यक्रमहरूले विभिन्न किसिमका सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू उत्पादन गरेका छन् तर ती सामग्रीहरूमध्ये प्रायः

सामग्रीहरू हाल उपलब्ध छैनन् वा उपलब्ध भए पनि स्थानीय तहमा उपयोगी नहुन पनि सक्छन् । त्यसैले न्यूनतम् प्याकेजसम्बन्धी सूचनाहरू सम्प्रेषण गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण केन्द्रले विशेष सामग्रीहरू पनि तयार गरेको छ । नयाँ सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू उत्पादनका लागि एउटा निर्देशित खाका अनुसूची ५ मा दिइएको छ ।

स्थानीय तहमै सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू विकास गर्नका लागि यो रणनीतिले सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूका मौलिक उदाहरणहरू उपलब्ध गराएको छ । ती मौलिक सामग्रीहरू सञ्चार तथा विषयविज्ञहरूले उत्पादन गर्नुपर्छ ।

**सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको दायराले तलका कुराहरूलाई समावेश गर्दछ :**

- **छापा सामग्रीहरू** अन्तर्गत विशेष समूदाय लक्षित पोस्टरहरू, फ्लेक्स चार्ट, पकेट बुक्स र पर्चाहरू, समाचारपत्र एवम् विचारमूलक लेखहरू, अनलाइन समाचार, बैठक तथा कार्यशालामा सहजीकरणका लागि गरिएका प्रस्तुतीकरणहरूलगायतका सामग्री पर्छन् ।

- **श्रव्यदृश्य सामग्रीहरू** अन्तर्गत बृहत् विद्यालय सुरक्षाको महत्त्व दर्साउने भिडियो, न्यूनतम् प्याकेज, कार्यान्वयन कार्यविधि, विपद्मा विद्यालयहरूको सङ्कटासन्नता दर्साउने भिडियो प्रोफाइल, बृहत् विद्यालय सुरक्षासम्बन्धी रेडियो नाटक र टेलिभिजन धारावाहिक कार्यक्रम, सार्वजनिक सेवाका घोषणाहरू, रेडियो र टेलिभिजनमा सरकारी पदाधिकारीहरूसँगको गोलमेच छलफलका प्राप्ति वा निष्कर्ष लगायतका सामग्री पर्छन् ।

- **इन्टरनेटमा आधारित सामग्रीहरू** अन्तर्गत इन्टरनेटमा आधारित शैक्षिक मनोरञ्जन (शिक्षाप्रद मनोरञ्जन) का शृङ्खलाहरू, बृहत् विद्यालय सुरक्षासम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD)का सन्देशहरू र स्थानीय सरकार, वेभसाइट तथा सामाजिक सञ्जालबाट प्राप्त सामग्रीहरू पर्छन् ।

- **अन्य सामग्री** अन्तर्गत लिखित सन्देशहरू, बृहत् विद्यालय सुरक्षासम्बन्धी सन्देशहरू तथा जानकारी उल्लेख भएको हाते किताब (पुस्तिका), सार्वजनिक स्थलहरूमा भित्ते लेखन तथा चित्रकला, सञ्चार माध्यममार्फत बृहत् विद्यालय सुरक्षासम्बन्धी सरकारले गरेका प्रतिबद्धताहरू र पैरवीहरू पर्छन् ।

## खण्ड ३

# रणनीति कार्यान्वयन गर्ने मार्गहरू

यस खण्डले सञ्चार गरिनुपर्ने मुख्य सन्देश, सञ्चारमाध्यम तथा प्रयोग गरिने सूचना, सञ्चार तथा शैक्षिक सामग्रीहरूको प्रमुख प्रकारमा आधारित भई लक्षित स्रोताहरूले थाहा पाउनुपर्ने बृहत् विद्यालय सुरक्षा रणनीति तथा न्यूनतम् प्याकेजसम्बन्धी सुझाव प्रस्तुत गर्दछ । साथै यस रणनीतिका प्रयोगकर्ताहरूलाई विगतको सफल अभ्यासका सान्दर्भिक सन्देश, माध्यम तथा सूचना, सञ्चार एवम् शैक्षिक सामग्रीहरूको प्रयोगका लागि समेत प्रोत्साहित गर्दछ ।

## ३.१ विद्यार्थी

प्रस्तुत न्यूनतम् प्याकेज लागू गराउनका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूलाई दबाब दिन विद्यार्थीहरूलाई बृहत् विद्यालय सुरक्षाका बारेमा सचेत तुल्याउनु आवश्यक छ । यसका लागि निम्नानुसार गर्न सान्दर्भिक हुने देखिन्छ :

**तालिका ४ विद्यार्थीहरूका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देश तथा तिनको सञ्चार गर्ने तरिका**

| मुख्य सन्देश | सञ्चारका अधार र सामग्रीहरू |
|---|---|
| १. न्यूनतम् प्याकेजको कार्यान्वयन विद्यालयको सुरक्षा र विपद् पछिको उद्धारका लागि उत्तम तरिका हो । यसले विद्यार्थीहरूलाई विपद्पछि आइपर्ने विभिन्न किसिमका चुनौती सामना गर्ने सीप सिकाउँछ ।<br>२. न्यूनतम् प्याकेज कार्यान्वयनको मुख्य फाइदा भनेको विद्यालय विपद् तत्परता, विपद् प्रतिकार्य, पठनपाठन निरन्तरता तथा बालबालिका सुरक्षा योजना हुन् ।<br>३. न्यूनतम् प्याकेजको कार्यान्वयनले विपद् पूर्व, विपद्का बेलामा र विपद् पश्चात विद्यालय (शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरू) लाई आपत्कालीन स्थितिलाई सामना गर्ने मनोबल, सुरक्षाको प्रत्याभूति तथा विद्यालयको सुरक्षाका लागि आवश्यक सीप प्रदान गर्दछ ।<br>४. न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने दायित्व शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरकारको हो ।<br>**५.** बृहत् विद्यालय सुरक्षाबारे विस्तृत जानकारी लिन शिक्षक तथा अभिभावकहरूसँग छलफल तथा अन्तरक्रिया गर्नुपर्छ । विद्यालयमा यसलाई कार्यान्वयन गरी आफ्नो सुरक्षासमेत गर्न विद्यार्थी स्वयम् अग्रसर रहनुपर्छ । | **(क) सञ्चारका आधारहरू**<br>**१. अन्तर्वैयक्तिक सञ्चार**<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी अतिरिक्त क्रियाकलापहरू सञ्चालन,<br>● बृहत् विद्यालय सुरक्षाका बारेमा बाल क्लबलाई तालिम सञ्चालन,<br>● प्रशिक्षण तथा अनुकरण अभ्यास सहितको विद्यालयमा आधारित तालिम सञ्चालन ।<br>**२. विद्यालयमा आधारित सञ्चार**<br>● सूचनापाटीको प्रयोग,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी सडक नाटक मञ्चन,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी भित्तेचित्रको व्यवस्थापन,<br>● युवाक्लब, बालक्लव तथा स्काउट लगायतका युवा सङ्घसङ्गठनहरूको उपयोग ।<br>**३. आमसञ्चार**<br>● टेलिभिजन तथा रेडियोको उपयोग,<br>● सामाजिक सञ्जाल (जस्तै स्फेसबुक आदि) को प्रयोग ।<br>**(ख) सञ्चार सामग्रीहरू**<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी सन्देश अङ्कित पोस्टर तथा तस्बिरहरूको प्रयोग,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी रेडियो नाटक तथा टेलिभिजन सिरियलको उपयोग,<br>● इन्टरनेटमा आधारित शिक्षामूलक मनोरञ्जन शृङ्खलाको उपयोग,<br>● फेसबुक पोस्टिङको प्रयोग<br>● पाठ्यपुस्तकको प्रयोग<br>● सन्दर्भ सामग्री |

## ३.२ शिक्षक

बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजको महत्त्वका बारेमा आधारित विषयवस्तुहरूका सम्पर्क व्यक्ति भनेकै शिक्षक हुन् । यसर्थ यस प्याकेजका बारेमा शिक्षकहरू अझ बढी सचेत हुन आवश्यक छ ।

**तालिका ५ अगुवा शिक्षक, बृहत् विद्यालय सुरक्षा तथा लैङ्गीक समानता एवम् सामाजिक समावेशीताका स्रोत शिक्षक र इच्छुक अन्य शिक्षकहरूका लागि बृहत् विद्यालय सुरक्षाको मुख्य सन्देश सञ्चार गर्ने तरिका**

| मुख्य सन्देश | सञ्चारका अधार र सामग्रीहरू |
|---|---|
| १. बृहत् विद्यालय सुरक्षा भनेको विपद् रोकथाम तथा प्रतिकार्य, बालसुरक्षा तथा विद्यालय शान्तिक्षेत्रको अवधारणा समावेश भएको विद्यालय सुरक्षासम्बन्धी एक एकीकृत विधि हो ।<br>२. न्यूनतम् प्याकेजको लक्ष्य<br>यस प्याकेजको लक्ष्य निम्नानुसार रहेका छन् :<br>• विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारीहरूका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने,<br>• विद्यालय विपद तत्परता तथा प्रतिकार्य योजना र विपद् पश्चात पठनपाठन निरन्तरता दिन तयारी अवस्थामा बस्ने,<br>• विपद् पूर्व, विपद्का बेलामा र विपद् पश्चात् शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरूमा आपतकालीन स्थितिको सामनामा सक्षम तुल्याउन मनोबल तथा सुरक्षा अनुभूति विकास गर्ने ।<br>३. न्यूनतम् प्याकेजमा समाविष्ट १६ ओटा क्रियाकलापहरूका आधारमा विद्यालयको यथेष्ट सुरक्षा कार्यक्रमलाई विद्यालयमा लागू गर्न शिक्षकहरूलाई उत्प्रेरित गर्ने छ ।<br>४. न्यूनतम् प्याकेजको कार्यान्वयनका क्रममा निर्माण हुने शिक्षकमाथि विद्यार्थीको विश्वासलाई अभिवृद्धि गर्ने छ ।<br>५. न्यूनतम् प्याकेजले विद्यालय सुरक्षाको सुनिश्चतता गर्छ, जसले शिक्षक तथा विद्यार्थीको काममा पनि सुधार ल्याउने छ ।<br>६. बृहत् विद्यालय सुरक्षा तथा लैङ्गीक समानता तथा सामाजिक समावेशिताका स्रोत शिक्षकहरूका जिम्वेवारीहरू निम्नानुसार रहेका छन् :<br>• जोखिम न्यूनीकरण तत्परता, बालसुरक्षासहित पठनपाठन सुचारू राख्न बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयार पार्ने,<br>• न्यूनीकरणका लागि गैह्र संरचनागत तथा कम खर्चिला उपायहरू लागू गर्ने,<br>• विद्यालयमा बृहत् विद्यालय सुरक्षा, बालसुरक्षा, विद्यालय शान्तिक्षेत्रतथा लैङ्गीक समानता तथा सामाजिक समावेशिता सचेतना कार्यक्रम सञ्चालन गर्ने,<br>• विद्यालय परिवार र समुदायकाबीचमा बृहत् विद्यालय सुरक्षासम्बन्धी अन्तरक्रिया चलाउने । | (क) **सञ्चारका आधारहरू**<br>**१. अन्तर्वैयक्तिक सञ्चार**<br>• तालिम प्राप्त गरेका एवम् नगरेका शिक्षकबिच ज्ञान तथा सीपको आदानप्रदान,<br>• प्रशिक्षण तथा अनुकरण अभ्याससहितको विद्यालयमा आधारित तालिम सञ्चालन,<br>• सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका शिक्षक सङ्घसङ्गठनहरूका शिक्षकहरूसम्म तालिम सञ्चालन,<br>• अन्य विद्यालयको बृहत् विद्यालय सुरक्षा पहल हेर्न अवलोकन भ्रमण,<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका वेभसाइट तथा पोर्टलको उपयोग ।<br>**२. समुदायमा आधारित सञ्चार**<br>• बृहत् विद्यालय सुरक्षा समारोह तथा विशेष दिवसहरू सम्बद्ध कार्यक्तम सञ्चालन,<br>• विद्यालय शान्तिक्षेत्र कार्यक्रम जस्तै गरी राष्ट्रिय शिक्षा अभियान सञ्चालन ।<br>**३. आमसञ्चार**<br>• पत्रपत्रिका तथा म्यागजिनको प्रयोग,<br>• रेडियो तथा टेलिभिजन उपयोग,<br>• फेसबुक, भाइबर तथा युटुब लगायतका इन्टरनेट आधारित मिडियाको उपयोग ।<br>(ख) **सञ्चार सामग्रीहरू**<br>• सूचना, शिक्षा तथा सञ्चारका लिखित सामग्रीको प्रयोग,<br>• बृहत् विद्यालय सुरक्षासम्बन्धी टेक्स्ट म्यासेज तथा अगुवा शिक्षकहरूलाई स्मरण म्यासेजको उपयोग,<br>• बृहत् विद्यालय सुरक्षासम्बन्धी पिएसए(सार्वजनिक सेवा घोषणा) को प्रयोग । |

## ३.३ विद्यालय व्यवस्थापन समिति

न्यूनतम् प्याकेज कार्यान्वयन गराउन विद्यालय व्यवस्थापन समितिलाई बृहत् विद्यालय योजना तथा न्यूनतम प्याकेजकाबारेमा सचेत तुल्याउन आवश्यक छ ।

**तालिका ६ विद्यालय व्यवस्थापन समितिका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देश तथा तिनको सञ्चार गर्ने तरिका**

| मुख्य सन्देश | सञ्चारका अधार र सामग्रीहरू |
|---|---|
| १. बृहत् विद्यालय सुरक्षा भनेको विपद् रोकथाम, प्रतिकार्य, बालसुरक्षा तथा विद्यालय शान्तिक्षेत्रको अवधारणा समावेश भएको विद्यालय सुरक्षा सम्बन्धी एक एकीकृत विधि हो ।<br>२. न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिले विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारीहरूको यथेष्ट विद्यालय सुरक्षा कार्यक्रमको शृङ्खला प्रस्तुत गर्दछ ।<br>**३. न्यूनतम् प्याकेजको लक्ष्य**<br>यस प्याकेजको लक्ष्य निम्नानुसार रहेका छन् :<br>● विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारीहरूका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने,<br>● विद्यालय विपद् तत्परता तथा प्रतिकार्य योजना र विपद् पश्चात पठनपाठन निरन्तरता दिन तयारी अवस्थामा बस्ने,<br>● विपद्पूर्व, विपद्काबेलामा र विपद्पश्चात शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरूमा आपत्कालीन स्थितिको सामनामा सक्षम तुल्याउन मनोबल तथा सुरक्षा अनुभूति विकास गर्ने ।<br>४. न्यूनतम् प्याकेजमा समाविष्ट १६ ओटा क्रियाकलापहरूका आधारमा विद्यालयको यथेष्ट सुरक्षा कार्यक्रमलाई विद्यालयमा लागू गर्न शिक्षकहरूलाई उत्प्रेरित गर्ने छ ।<br>५. न्यूनतम् प्याकेजका धेरै क्रियाकलापका लागि विद्यालयको आफ्नै स्रोतबाट खर्च जुटाउन सकिन्छ। यथाशक्य विद्यालयले आफ्नै स्रोतबाट बृहत् विद्यालय सुरक्षा कार्यक्रम चलाउनुपर्छ । विद्यालयको स्रोत अपुग भएमा स्थानीय सरकारले स्रोत उपलब्ध गराउनुपर्छ ।<br>६. न्यूनतम् प्याकेज कार्यान्वयनसम्बन्धी विद्यालय तथा स्थानीय सरकारको उत्तरदायित्वका बारेमा कार्यान्वयन कार्यविधिले स्पष्ट पार्नेछ ।<br>७. विद्यालय व्यवस्थापन समितिले न्यूनतम् प्याकेज कार्यान्वयनको अगुवाइ गर्नेछ । त्यसकारण विद्यालयका हजारौं विद्यार्थीहरू गुणात्मक शिक्षाको पहुँचसहित सुरक्षित छन् कि छैनन् भन्ने कुरा विद्यालय व्यवस्थापन समितिको काममा भर पर्दछ ।<br>**८. विद्यालय व्यवस्थापन समितिको उत्तरदायित्व**<br>● संस्था वा सञ्जाल निर्माण गर्ने तथा मजबुत तुल्याउने,<br>● बृहत् विद्यालय सुरक्षाका लागि अगुवा तथा स्रोत शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,<br>● विद्यालयको संरचनागत लेखाजोखा गर्ने,<br>● जोखिम न्यूनीकरण, तत्परता, बालसुरक्षा तथा पठनपाठन सुचारू राख्न बृहत् विद्यालय सुरक्षा कार्ययोजना विकास गर्ने,<br>● न्यूनतम् संरचनागत सुरक्षा क्रियाकलापहरूको पहिचान र कार्यान्वयन गर्दै गुणात्मक संरचना सुनिश्चित गर्ने । | **क) सञ्चारका आधारहरू**<br>**१. अन्तर्वैयक्तिक सञ्चार**<br>● विद्यालयमा आधारित बृहत् विद्यालय सुरक्षा तालिम सञ्चालन,<br>● सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका सदस्यहरूलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी अभिमुखीकरण,<br>● बृहत् विद्यालय सुरक्षाका बारेमा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा सरकारका सङ्घीय सदस्यहरूबिच संवाद,<br>● पावर प्वाइन्टमा आधिरत प्रस्तुतीकरण,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी डकुड्रामाहरूको प्रयोग ।<br>**२. समुदायमा आधारित सञ्चार**<br>● समुदायिक सङ्घसङ्गठनहरूमार्फत बृहत् विद्यालय सुरक्षासम्बन्धी अन्तरक्रिया भेलाहरू सञ्चालन,<br>● विद्यालय व्यवस्थापन समिति फेडेरेसनका बैठकहरूको आयोजना,<br>● वशेष समारोह तथा ऱ्यालीहरूको आयोजना<br>● विद्यालय शान्तिक्षेत्र कार्यक्रमहरू जस्तै गरी राष्ट्रिय शिक्षा अभियान सञ्चालन ।<br>**३. आमसञ्चार**<br>● पत्रपत्रिका वा अखबारको उपयोग,<br>● टेलिभिजन तथा रेडियोको प्रयोग,<br>● सामाजिक सञ्जाल सहितको इन्टरनेटमा आधारित मिडियाको उपयोग,<br>● लिखित सन्देशहरूको प्रयोग,<br>● शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा अन्य साझेदारले प्रकाशित गरेका बुलेटिनको प्रयोग,<br>● शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयलगायत शिक्षा साझेदारहरूका वेभसाइटको उपयोग ।<br>**(ख) सञ्चार सामग्रीहरू**<br>● सरकारी अधिकारीहरूले आमसञ्चार माध्यममार्फत गरेका प्रतिबद्धता तथा जानकारीहरूके अनुमोदन,<br>● समाचार, पत्रपत्रिकाका लेख रचना तथा अनलाइन पोर्टलको उपयोग,<br>● फेसबुक पेज तथा युटुब च्यानल सञ्चालन<br>● रेडियो एवम् टिभी कार्यक्रम तथा स्पटको उपयोग,<br>● समाचारसहित रेडियो तथा टिभीमा बृहत् विद्यालय सुरक्षाको सन्देश प्रवाह,<br>● लक्षित सूचना, शिक्षा तथा सञ्चार सामग्री (पोस्टर र ब्रोसर्स) को उपयोग,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी हातेपुस्तिका वितरण तथा मुख्य सन्देश प्रवाह,<br>● वेभसाइटमा स्थानीय सरकार तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रायोजित उदाहरण तथा सन्देश समावेश । |

## ३.४ अभिभावक तथा स्थानीय समुदाय

न्यूनतम् प्याकेज लागू गराउनका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूलाई वातावरण सिर्जना गर्न अभिभावक तथा स्थानीय समुदायलाई बृहत् विद्यालय सुरक्षाका बारेमा सचेत तुल्याउनु आवश्यक छ ।

**तालिका ७: अभिभावकका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देश तथा तिनको सञ्चार गर्ने तरिका**

<table>
<tr><th>मुख्य सन्देश</th><th>सञ्चारका अधार र सामग्रीहरू</th></tr>
<tr><td>
१. बृहत् विद्यालय सुरक्षा भनेको विद्यालयमा सबै प्रकारका जोखिमहरू न्यूनीकरण गर्दै बालबालिकाहरूको सिकाइलाइ मजबुत तुल्याउन उचित विद्यालय वातावरणको अभिवृद्धि गर्ने एक विधि हो ।<br><br>
२. न्यूनतम् प्याकेज भनेको सरकारद्वारा अनुमोदित विद्यालयमा अधिकतम सुरक्षा हासिल गर्ने उपायहरूको एउटा प्याकेज हो ।<br><br>
३. न्यूनतम् प्याकेज र यसको कार्यान्वयन कार्यविधिले विद्यालयलाई सबै किसिमका जोखिम र भयबाट सुरक्षित राख्ने उपायहरू प्रस्तुत गर्दछ ।<br><br>
**४. न्यूनतम् प्याकेजका फाइदाहरू**<br><br>
न्यूनतम् प्याकेजका फाइदाहरू यसप्रकार छन् :<br>
● विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारीका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने,<br>
● विद्यालयमा आधारित भई विपद् तत्परता तथा प्रतिकार्य योजना र विपद् पश्चात् पठनपाठन सुचारु गर्न तयारी अवस्थामा बस्ने,<br>
● विपद् पूर्व, विपद्का बेलामा र विपद् पश्चात् शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरूमा यथेष्ट सुरक्षाको प्रत्याभूति दिलाउँदै आपत्कालीन स्थितिको सामाना गर्ने मनोबल विकास गर्ने ।<br><br>
५. न्यूनतम् प्याकेजमा आफ्नो विद्यालयलाई सुरक्षित राख्न शिक्षकहरूलाई उत्प्रेरित गर्ने १६ ओटा क्रियाकलापहरू रहेकाछन् ।<br><br>
६. न्यूनतम् प्याकेज कार्यान्वयका लागि विद्यालय व्यवस्थापन समिति तथा विद्यालयलाई वातावरण सिर्जना गर्न अभिभावकहरूले बेलाबेला आफ्ना बच्चाहरूको विद्यालयको भ्रमण गरी बृहत् विद्यालय सुरक्षा प्रति चासो देखाउनु पर्दछ ।<br><br>
७. विद्यालय सुरक्षाको पैरवीले जिम्वेवार अभिभावकत्व दर्साउँछ ।
</td><td>
**(क) सञ्चारका आधारहरू**<br><br>
**१. समुदायमा आधारित सञ्चार**<br>
● शिक्षक अभिभावक सङ्घ, आमा समूह, उपभोक्ता समूह तथा अन्य सामुदायिक सङ्घसङ्गठनहरूमा बृहत् विद्यालय सुरक्षासम्बन्धी संवाद तथा छलफल,<br>
● विद्यालय शान्तिक्षेत्रमा जस्तो राष्ट्रिय शिक्षा अभियान सञ्चालन ।<br><br>
**२. आमसञ्चार**<br>
● टेलिभिजन तथा रेडियोको प्रयोग,<br>
● अनलाइन तथा सामाजिक सञ्जालको उपयोग,<br>
● अभिभावकका लागि साप्ताहिक शिक्षक रेडियो कार्यक्रम सञ्चालन ।<br><br>
**(ख) सञ्चार सामग्रीहरू**<br>
● समाचारलगायत लोकप्रिय रेडियो तथ टेलिभिजन कार्यक्रममार्फत् बृहत् विद्यालय सुरक्षा सन्देश प्रसारण,<br>
● पोस्टर, फ्लेक्स, गोजीपुस्तिका आदि मुद्रित सामग्री विकास,<br>
● विद्यालय तथा अन्य ठाउँमा भित्ते लेखन,<br>
● समाचार, लेख रब्लग प्रकाशन,<br>
● अनलाइन मिडिया र सामाजिक सञ्जालमा श्रव्यदृश्य सामग्री प्रसारण ।
</td></tr>
</table>

## ३.५ स्थानीय सरकार र स्थानीय तथा राष्ट्रिय मिडिया

न्यूनतम् प्याकेज लागू गराउनका लागि विद्यालयलाई उत्प्रेरित तथा सहजीकरण गर्न स्थानीय सरकारका प्रतिनिधि तथा कर्मचारीहरूलाई बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजका बारेमा सचेत तुल्याउन आवश्यक छ। यसमा सहमति सहकार्य तथा सामूहिक तथा सङ्गठनात्मक क्रियाकलापहरू पर्दछन्।

**तालिका ८ स्थानीय सरकारका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देश तथा तिनको सञ्चार गर्ने तरिका**

| मुख्य सन्देश | सञ्चारका अधार र सामग्रीहरू |
|---|---|
| १. बृहत् विद्यालय सुरक्षा भनेको विपद् रोकथाम तथा प्रतिकार्य, बालसुरक्षा तथा विद्यालय शान्तिक्षेत्रको अवधारणा समावेश भएको विद्यालय सुरक्षासम्बन्धी एक एकीकृत विधि हो ।<br>२. न्यूनतम् प्याकेज भनेको शिक्षा क्षेत्रलाई समस्त जोखिमबाट जोगाउने एउटा एकीकृत विधि हो जसले विद्यालय सुरक्षाका निम्नलिखित तीन ओटा खम्बाहरूको सम्बोधन गर्दछ :<br>● सुरक्षित सिकाइ सुविधा<br>● विद्यालय विपद् व्यवस्थापन<br>● जोखिम न्यूनीकरण तथा उत्थानशिल शिक्षा<br>३. न्यूनतम् प्याकेज सरकारको दीर्घकालीन रणनीतिक योजनाका रूपमा रहेको छ। यसलाई विद्यालय शिक्षा सुधारसम्बन्धी कार्यक्रम (विद्यालय क्षेत्र विकास कार्यक्रम) सँग मिल्दोजुल्दो छ ।<br>४. न्यूनतम् प्याकेजका फाइदाहरू<br>न्यूनतम् प्याकेजका फाइदाहरू यसप्रकार छन् :<br>● विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारीका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने,<br>● विद्यालयमा आधारित भई विपद् तत्परता तथा प्रतिकार्य योजना र विपद् पश्चात पठनपाठन सुचारु गर्न तयारी अवस्थामा बस्ने,<br>● विपद् पूर्व, विपद्कोअवस्था र विपद्पश्चात शिक्षक, विद्यार्थी तथा विद्यालयव्यवस्थापन समिति सदस्यहरूमा यथेष्ट सुरक्षाको प्रत्याभूति दिलाउँदै आपत्कालीन स्थितिको सामाना गर्ने मनोबल विकास गर्ने ।<br>५. गुणात्मक शिक्षालाई सुनिश्चित गर्न तथा सक्षम स्थानीय शासन कला प्रदर्शन गर्न सहज र अनिवार्य शक्तिको अभ्यास गर्ने ।<br>६. बृहत् विद्यालय सुरक्षाको विषयवस्तु तयारी गरी विद्यालयका सबै तहका पाठ्यक्रममा थप गर्ने ।<br>७. स्थानीय सरकारले विद्यालय शान्तिक्षेत्रको अवधारणाप्रति प्रतिबद्धता जाहेर गर्ने ।<br>८. स्थानीय सरकार न्यूनतम् प्याकेजका तपसिलबमोजिमका कार्यका लागि जिम्मेवार छ :<br>● बृहत् विद्यालय सुरक्षाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने तथा स्रोतसाधनको परिचालन तथा बाँडफाँड गर्ने,<br>● बृहत् विद्यालय सुरक्षा लागू गर्न स्थानीय साझेदारहरूको संयोजन गर्ने,<br>● बालसुरक्षा विकास, विद्यालय शान्तिक्षेत्र कार्यविधि विकासमा सहजीकरण गर्ने र कार्यान्वयनको अनुगमन गर्ने । | **(क) बृहत् विद्यालय सुरक्षाका लागि सामाजिक परिचालन**<br>**१. सामाजिक परिचालनका चरणहरू**<br>● कार्यान्वयन कर्ताका रूपमा रहेका साझेदारको सामाजिक परिचालनका लागि कार्ययोजना बनाउने,<br>● बृहत् विद्यालय सुरक्षा, न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिसम्बन्धी जानकार स्थानीय परिचालकहरू पहिचान गर्ने, जस्तै स्समुदाय स्वयम्सेवक, युवासमूह, अभिभावकसमूह आदि ।<br>● परिचालकहरूलाई अन्तर्वैयक्तिक सञ्चार, बैठक सहजीकरण, मुख्य सन्देश सम्प्रेषण तथा अन्तरक्रियात्मक विधि प्रयोग गर्ने सीपको अभिमुखीकरण र तालिम दिने,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहयोगको खाँचो दर्साउन स्थानीय विद्यालयको बृहत् विद्यालय सुरक्षा स्थितिको प्रतिवेदनलगायत स्थानीय रूपमा उपयुक्त सामग्री, विधि, मिडिया प्रोडक्ट जस्ता सिर्जनात्मक सञ्चार सामग्री निर्माण गर्ने,<br>● स्थानीय सञ्चार माध्यमलाई बृहत् विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण, न्यूनतम् प्याकेज कार्यान्वयन कार्यविधिका बारेमा संवेदनशील तुल्याई यसका बारेमा पैरवी गर्न प्रोत्साहित गर्ने ।<br>**(ख) सञ्चारका आधारहरू**<br>**१. अन्तर्वैयक्तिक सञ्चार**<br>● कर्मचारी तथा राजनीति नेताहरूका लागि क्षमता अभिवृद्धि तालिम प्रदान,<br>● स्थानीय सञ्चार माध्यमका लागि क्षेत्र भ्रमण, अभिमुखीकरण तथा कार्यशाला सञ्चालन,<br>● न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिसम्बन्धी स्थानीय सरकारका कर्मचारीहरूलाई तालिम सञ्चालन ।<br>**२.समुदायमा आधारित सञ्चार**<br>● विद्यालय शान्तिक्षेत्रमा जस्तो राष्ट्रिय शिक्षा अभियान सञ्चालन ।<br>**३. आमसञ्चार**<br>● रेडियो, टेलिभिजन, सामूहिक टेक्स्ट म्यासेज तथा सामाजिक सञ्जालको प्रयोग ।<br>**(ग) सञ्चार सामग्रीहरू**<br>● प्रादेशिक तथा सङ्घीय सरकारले आमसञ्चार माध्यममार्फत गरेका प्रतिबद्धता तथा अनुमोदन,<br>● स्थानीय तथा राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन तथा अनलाइनमा भएका बृहत् विद्यालय सुरक्षा सम्बन्धी छलफल तथा संवाद,<br>● बृहत् विद्यालय सुरक्षासम्बन्धी सन्देश प्रवाहित गर्ने सामूहिक सन्देश प्रवाह,<br>● विद्यालयको विपद् उन्मुख स्थिति झल्काउने भिडियो प्रोफाइल निर्माण,<br>● बैठक तथा कार्यशाला सहजीकरण गर्ने पोस्टर तथा प्रस्तुतीकरण जस्ता लक्षित सूचना सामग्रीको प्रयोग । |

## ३.६. सङ्घीय तथा प्रादेशिक सरकार, गैह्रसरकारी संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा विकास साझेदार

बृहत् विद्यालय सुरक्षासम्बन्धी नीति सुधार गरी न्यूनतम् प्याकेज लागू गर्ने वातावरण, आर्थिक कोष तथा सहयोग अभिवृद्धि गर्न सङ्घीय तथा प्रादेशिक सरकार, गैह्रसरकारी संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा विकास साझेदारहरूलाई बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा सचेत तुल्याउन आवश्यक छ ।

**तालिका नं. ९ सङ्घीय तथा प्रादेशिक सरकार, गैह्रसरकारी संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा विकास साझेदार लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देश तथा तिनको सञ्चार गर्ने तरिका**

| मुख्य सन्देश | सञ्चारका अधार र सामग्रीहरू |
|---|---|
| १.बृहत् विद्यालय सुरक्षा भनेको विपद् रोकथाम तथा प्रतिकार्य, बालसुरक्षा तथा विद्यालय शान्तिक्षेत्रको अवधारणा समावेश भएको विद्यालय सुरक्षासम्बन्धी एक एकीकृत विधि हो ।<br><br>२. न्यूनतम् प्याकेज भनेको शिक्षा क्षेत्रलाई समस्त जोखिमबाट जोगाउने एउटा एकीकृत विधि हो जसले विद्यालय सुरक्षाका निम्नलिखित तीन ओटा खम्बाहरूको सम्बोधन गर्दछ :<br>● सुरक्षित सिकाइ सुविधा<br>● विद्यालय विपद् व्यवस्थापन<br>● जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा<br><br>३. न्यूनतम् प्याकेज समस्त शिक्षा क्षेत्रको जोखिम न्यूनीकरण गरी गुणात्मक शिक्षाको विश्वव्यापी पहुँच स्थापना गर्ने मान्यताप्रति लक्षित छ ।<br><br>४. न्यूनतम् प्याकेज, चौधौ योजना(सन् २०१६-२०१९) तथा विद्यालय क्षेत्र विकास योजना(सन् २०१६/१७-२०२२/२३) अनुरूप छ र यसले दिगो विकास लक्ष्य नं ४ लाई योगदान पुऱ्याउनेछ ।<br><br>५. नेपालका समस्त विद्यालयहरूमा न्यूनतम् प्याकेज लागू गर्नका लागि उत्साहप्रद वातावरण निर्माण गर्न दर्बिलो नीति, कार्यविधि,प्राविधिक तथा संस्थागत सहयोगको आवश्यकता छ । | **(क) सञ्चारका आधारहरू**<br>**१. अन्तर्वैयक्तिक सञ्चार**<br>● न्यूनतमा प्याकेजसम्बन्धी राष्ट्रिय तथा प्रादेशिक स्तरको संवाद तथा छलफल,<br>● स्थानीय सरकार र विद्यालयले आयोजना गरेका बृहत् विद्यालय सुरक्षासम्बन्धी क्रियाकलाप र समारोहहरूमा सङ्घीय तथा प्रादेशिक सरकारका सरकारी कर्मचारीहरूलाई सहभागिताका लागि निमन्त्रणा,<br>● अन्य पैरवीसम्बन्धी क्रियाकलापहरू सञ्चालन ।<br>**२. समुदायमा आधारित सञ्चार**<br>● विद्यालय शान्तिक्षेत्रमा जस्तो राष्ट्रिय शिक्षा अभियान सञ्चालन ।<br>**३. आमसञ्चार**<br>● पत्रपत्रिका तथा अखबारको प्रयोग,<br>● टेलिभिजनतथा रेडियोको प्रयोग,<br>● सामाजिक सञ्जाल तथा इन्टरनेट पोर्टलको उपयोग,<br>● विद्यालयहरूको प्राकृतिक विपद्उन्मुख स्थिति झल्काउने भिडियो प्रोफाइलको उपयोग ।<br>**(ख) सञ्चार सामग्रीहरू**<br>● पैरवीका लागि सामग्रीहरूको प्रयोग,<br>● बैठक तथा कार्यशाला सहजीकरण गर्ने पोस्टर तथा प्रस्तुति जस्ता लक्षित सूचना सामग्रीहरूको उपयोग,<br>● स्थानीय तथा राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन तथा अनलाइनमा भएका बृहत् विद्यालय सुरक्षा सम्बन्धी छलफल तथा संवाद,<br>● सरकारी कर्मचारीले टेलिभिजन तथा रेडियो लगायतमा गरेका गोलमेच छलफल,<br>● बृहत् विद्यालय सुरक्षा, न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिको महत्त्वलाई उजागर गर्ने विद्यालयसम्बन्धी तथ्यपरक प्रतिवेदन । |

# खण्ड ४
# रणनीति कार्यान्वयन

## ४.१ कार्यान्वयन विधि

यस रणनीतिले बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजको कार्यान्वयन गर्ने तथा कार्यान्वयन प्रक्रियालाई सहयोग गर्नका लागि लक्षित समुदायलाई उत्प्रेरित गर्ने काम गर्दछ । यसमा मुख्य लक्षित स्रोताका लागि रणनीति र उक्त रणनीति लागू गर्न नमूना कार्ययोजना अनुसूची ७ समाविष्ट छन् ।

## ४.२ विकास पद्धतिका लागि सञ्चार

युनिसेफले विकासका लागि सञ्चारको परिभाषा यस प्रकार गरेको छ :

विकासका लागि सञ्चार (C4D) ले व्यक्तिले मानिआएको विश्वास, मूल्यमान्यता तथा सामाजिक तथा साँस्कृतिक नियम जस्ता तत्त्वहरूलाई बुझ्ने काम गर्दछ । यी तत्त्वहरूकै आधारमा व्यक्तिको जीवन निर्माण भएको हुन्छ । विकासका लागि सञ्चारले समस्या पहिचान, समाधान तथा कार्यान्वयनका दौरान समुदायलाई सामेल गराई वयस्क र बालबालिकाहरूका कुरा सुन्ने काम गर्दछ । विकासका लागि सञ्चारलाई दुईतर्फी प्रक्रियाका रूपमा हेरिन्छ, जसले सञ्चारका विविध विधि र साधनमार्फत विचारको आदानप्रदान गर्दै आफ्नो जीवन उन्नत बनाउने काममा लाग्नका लागि व्यक्ति तथा समुदायको सशक्तिकरण गर्ने काम गर्दछ ।

यस रणनीतिले (C4D) पद्धतिको व्यवहार परिवर्तन सञ्चार, सामाजिक परिचालन तथा पैरवीलाई अङ्गीकार गरेको छ ।

उल्लिखित सन्दर्भलाई निम्नानुसार प्रयोग गर्न सकिन्छ :

- **व्यवहार परिवर्तन सञ्चार**लाई विद्यार्थी, शिक्षक तथा अभिभावकहरू समक्ष पुग्ने मुख्य साधनका रूपमा सीफारिस गरिएको छ । व्यवहार परिवर्तन सञ्चार भनेको व्यक्ति या समुदायका बिचमा हुने प्रत्यक्ष संवाद हो जसले उनीहरूलाई बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको बारेमा जानकारी दिने र प्रयोग गर्नका लागि उत्प्रेरित गर्ने काम गर्दछ । स्वकीय प्रेरणाले सुरक्षित विद्यालयको माग गर्नका लागि विद्यार्थी, शिक्षक, अभिभावक तथा समुदायको व्यवहार र सोचमा परिवर्तन ल्याउनुपर्छ ।
- **सामाजिक परिचालन**लाई स्थानीय सरकार तथा स्थानीय तथा राष्ट्रिय मिडियाको संलग्नता तथा सशक्तिकरणको साधनका रूपमा सीफारिस गरिएको छ । यस रणनीतिमा सामाजिक परिचालन भन्नाले कार्यान्वयन साझेदारले सञ्चालन गरेका क्रियाकलापको माध्यमबाट लक्षित स्रोता तथा उपभोक्तालाई यसकार्यमा संलग्न गराई न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहयोगी वातावरणको सिर्जना गर्नु भन्ने बुझिन्छ । यसको अभिप्राय भनेको स्थानीय सरकार र मिडियासम्म पुगी उनीहरूलाई यस विषयमा विश्वस्त तुल्याई न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहयोग जुटाउनु र यसलाई लागू गर्नु हो । सामाजिक परिचालनका साझेदारहरू यो कार्यक्रमलाई प्रभाव पार्न र परिवर्तन गर्न सक्ने निकायहरू रहेकाछन्, जस्तै : नागरिक समाज, सङ्गठन, सञ्जाल रसमूहहरू, मिडिया, अभिभावक तथा विद्यार्थी आदि ।
- **पैरवी**लाई सङ्घीय तथा प्रादेशिक सरकार, गैह्रसरकारी संस्था, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था तथा अन्य विकास साझेदारसम्म पुग्ने साधनका रूपमा सीफारिस गरिएको छ जसले बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजकाबारेमा सूचना प्रदान गर्ने र सहयोगका लागि उत्प्रेरणा जगाउने काम गरी उपयुक्त नीतिगत वातावरण तयार गर्दै प्राविधिक तथा आर्थिक सहयोग जुटाउन भूमिका खेल्नेछ । पैरवी पावर पोइन्टमा आधारित प्रस्तुतिमा पैरवी टुलकिट देखाएर तथा न्यूनतम् प्याकेज कार्यान्वयनको महत्त्वबारे श्रव्यदृश्य सामग्रीहरू देखाएर पनि गर्न सकिन्छ ।

### मिडियाको संलग्नता

चाखलाग्दा तथा सूचनामूलक सामग्रीहरूमार्फत ध्यान आकृष्ट गर्दै बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजको कार्यान्वयनको प्रचारप्रसारका लागि मिडियालाई संलग्न गराउनुपर्ने हुन्छ । यसका लागि तपसिलबमोजिमका काम गर्न सकिन्छ :

- पत्रकारकालागि तथ्याङ्क तथा बृहत् विद्यालय सुरक्षा अभियानकाबारेमा सूचनाको मिडिया किट तयार पार्ने एवम् न्यूनतम् प्याकेज कार्यान्वयन कार्यविधिको मिडिया योजना तयार पार्ने,
- न्यूनतम् प्याकेज कार्यान्वयनको पैरवीका लागि लागि रेडियो, टेलिभिजन, अनलाइन तथा पत्रपत्रिकाका, राष्ट्रिय एवम् स्थानीय प्रतिनिधिहरूसँग अभिमुखीकरण तथा सचेतीकरण बैठकहरू आयोजना गर्ने,
- बृहत् विद्यालय सुरक्षा तथा न्यूनतम् प्याकेजसम्बन्धी मिडिया ब्रिफिङ तथा सम्मेलनहरू आयोजना गर्ने,
- प्रेस विज्ञप्ति तथा अन्य मिडिया सामग्रीहरूको सम्प्रेषण गर्ने,
- मिडियाले सोधेका प्रश्नहरूको चुस्तदुरुस्त जवाफ दिने ।

## कार्यान्वयन सिद्धान्त

- सन्देशको विकास र सम्प्रेषणमा संलग्न गराउँदै स्रोतालाई केन्द्रभागमा राख्ने,
- निश्चित सङ्कटासन्न समूहप्रति परिलक्षित कार्यक्रमलगायत सञ्चारका तमाम पहलकदमीहरूमा लैङ्गीक तथा सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने,
- प्रत्येक विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् सदस्य तथा अन्य साझेदारहरूको बृहत् विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा न्यूनतम् प्याकेजमाथिको पहुँच सुनिश्चित गर्दै सूचनाको अधिकारलाई पहिचान गर्ने,
- विभिन्न किसिमका स्रोताहरूका लागि सुस्पष्ट, सङ्गतिपूर्ण, सरल, आकर्षक तथा सांस्कृतिक तवरले उचित सन्देश विकास र सम्प्रेषण गर्ने,
- सम्पूर्ण सन्देश तथा सञ्चार सामग्रीहरू समावेशी, विषयप्रति केन्द्रित तथा स्थानीय परिस्थितिलाई सम्बोधन गर्ने किसिमका छन् भन्ने तथ्यलाई सुनिश्चित गर्नका लागि तिनीहरूको पूर्वजाँच गर्ने,
- विद्यमान संरचना तथा परिस्थितिअनुसार चल्यो भने हाम्रा क्रियाकलापहरू स्वीकृत हुने तथा सरकार र स्थानीय समुदायले तिनको अपनत्व ग्रहण गर्ने एवम् दिगो हुने सम्भावना मान्यतालाई कार्यान्वयन गर्ने,
- विभिन्न स्रोताहरू समक्ष पुग्न र सन्देशलाई पुनर्बल प्रदान गर्न नेपाली तथा स्थानीय भाषामा विभिन्न किसिमका मिडियाको समिश्रण तयार गर्ने,
- भिन्न भिन्न माध्यमहरूले खेल्ने भिन्न भिन्न भूमिकालाई सन्दर्भ र आवश्यकतानुसार प्रयोगमा ल्याउने ।

**बाकस १ समस्त क्रियाकलापहरूमा लैङ्गीक समानता तथा सामाजिक समावेशिताको मूलप्रवाहीकरण गर्न अनिवार्य छ ।**

विपद्हरूले किशोरकिशोरी, बालबालिका, अपाङ्गता भएका बालबालिका, गर्भवती महिला, स्तनपान गराउने महिला, शिक्षक, विद्यार्थी तथा गरिब परिवारका विद्यार्थीहरूलाई भिन्न भिन्न ढङ्गले प्रभाव पार्छ । त्यसकारण बृहत् विद्यालय सुरक्षा सञ्चार तथा न्यूनतम् प्याकेजको कार्यान्वयन प्रक्रियामा लैङ्गीक समानता तथा सामाजिक समावेशिताको सम्बोधन तथा मूलप्रवाहीकरण अत्यन्त महत्त्वपूर्ण सवाल हो । यस मामलामा लैङ्गीक समानता तथा सामाजिक समावेशिता सम्पर्क शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुन आउँछ । बृहत् विद्यालय सुरक्षा सञ्चार अभियान चलाउँदा सङ्कटासन्न समूहका प्रतिनिधिहरूको संलग्नता अनिवार्य गर्नुपर्दछ । यसका लागि समस्त सञ्चार सामग्री लैङ्गीक समानता तथा सामाजिक समावेशिताप्रति संवेदनशील हुन र सङ्कटासन्न समूहलगायत सम्पूर्ण क्षेत्रमा पुग्न सक्नेगरी डिजाइन गरिनु आवश्यक छ । यसरी सञ्चार सामग्री उपयुक्त हुनका लागि मुख्य स्थानीय भाषामा हुनुपर्ने, बालसुरक्षा तथा विद्यालय शान्तिक्षेत्रको अवधारणालाई आत्मसात् गरिएको हुनुको साथै तलका कुराहरूलाई ध्यान दिन आवश्यक छ :

- किशोरी छात्रालाई पानीको उपयुक्त व्यवस्था सहितको छुट्टै शौचालय, स्यानिटरी प्याडलगायत रजस्वला हुँदा आराम गर्ने ठाउँको व्यवस्था हुनुपर्छ,
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्ग मैत्री शौचालय तथा र्‍याम्प सहितको रेलिङ्ग बनाएको हुनुपर्छ,
- विपद्को समयमा रजस्वला स्वास्थ्य व्यवस्थापन सुविधा उपलब्ध गराउनुपर्छ,
- आघातमा परेका विद्यार्थीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनुपर्छ ।




## ४.३ समस्त कार्यान्वयन रूपरेखा

### राष्ट्रिय समन्वय संयन्त्र

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रादेशिक तथा स्थानीय सरकार, बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिहरूमार्फत उपभोक्तालगायत अन्य साझेदारहरूको सहयोग लिएर यस रणनीतिको कार्यान्वयनको अगुवाइ गर्नेछ । सञ्चार कार्यक्रम रणनीतिअनुरूप अगाडि बढेको र सङ्गतिपूर्ण सन्देश सम्प्रेषण भइरहेको कुरालाई सुनिश्चित गर्न सेवाप्रदायक तथा साझेदारको समन्वय गर्ने कामका लागि बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिहरू जिम्मेवार रहनेछन् । सम्पर्क व्यक्तिहरू अभिमुखीकरण योजना अनुसूची ६ मा दर्साइएको रणनीतिका बारेमा अभिमुखीकरण हुन आवश्यक छ ।

रणनीतिको कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यमान समन्वयकारी संयन्त्र, प्राविधिक कार्यसमूह तथा राष्ट्रिय स्तरका साझेदार तथा अन्य सरोकारवालाहरूसँग रहेको सान्दर्भिक संरचनाको पहिचान गर्नुपर्दछ । युनिसेफ, विद्यालय शान्तिक्षेत्र कन्सोर्टियम, भूकम्प प्रविधि राष्ट्रिय समाज, मर्सी क्रप्स, (Mercy Corps) बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण कन्सोर्टियम, अन्तराष्ट्रिय गैह्रसरकारी संस्था एसोसिएसन नेपाल तथा विद्यालय व्यवस्थापन समिति फेडेरेसन जस्ता संस्थाहरूसँग सम्भाव्य साझेदारहरूको सूची तथा नक्शा उपलब्ध हुनसक्छ ।

### प्रादेशिक समन्वय संयन्त्र

प्रादेशिक तहमा सामाजिक विकास मन्त्रालयले सम्पर्क व्यक्तिको नियुक्ति गर्ने, साझेदार पहिचान गर्ने तथा समन्वयको सहजीकरण गर्ने काम गर्नेछ ।

### स्थानीय समन्वय संयन्त्र

स्थानीय सरकारी स्तरका समन्वयकारी संयन्त्रहरूको आवश्यकता सूचना आदानप्रदान गर्न तथा रणनीति कार्यान्वयनका लागि साझेदारी विकास गर्नका लागि पर्दछ । सम्पर्क व्यक्तिहरूले न्यूनतम् प्याकेजको अभिवृद्धिका लागि एकीकृत र सङ्गतिपूर्ण सञ्चार क्रियाकलापहरूको विकास गर्न स्थानीय सरकार विपद् जोखिम न्यूनीकरण

तथा जलवायू सम्बद्ध उद्धार समितिमार्फत काम अघि बढाउने छन् । यी समितिहरूको अर्को मुख्य काम भनेको विषयवस्तु र कार्यक्षेत्र तोक्ने तथा दोहोरिएका तथा खप्टिएका जिम्वेवारीलाई मिलाउने हुनेछ ।

**कार्यक्रमको पहुँच**

यस रणनीतिका प्रयोगकर्ताको लक्ष्य स्थानीय सरकार वा खास भौगोलिक क्षेत्र वा खास लक्षित स्रोतालाई लक्षित गरि सञ्चारका विभिन्न गतिवीधिहरू सञ्चालन गर्नु हो । यो रणनीति यसरी तयार गरिएको छ कि जसमा प्रयोगकर्ताहरूले खास लक्षित समूहको सम्बोधन गर्न सक्नेछन् या समस्त स्रोता समक्ष पुग्न सक्नेछन् या एउटा क्षेत्रका प्रायःजसो स्रोता समक्ष पुग्न सक्नेछन् ।

**प्रयोगकर्ता र लक्षित समूदायहरूको पहिचान**

प्रयोगकर्ता र लक्षित स्रोताको प्रकारको बारेमा खण्ड १.५ र २.१मा नै प्रस्ट पारिएको छ । यस विभाजनमा आधारित रहेर बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिहरूले आआफ्ना क्षेत्रका लक्षित स्रोताहरूको पहिचान गर्ने, उनीहरूको सूची बनाउने गर्नका साथै कोही महत्त्वपूर्ण व्यक्तिहरू छुटिरहेका छन् भने उनीहरूलाई पनि थप्ने काम गर्नुपर्दछ । त्यसरी नै कार्यक्रम क्षेत्र, मुख्य क्रियाकलाप तथा भूमिका एवम् जिम्मेवारीमा आधारित रहेर स्रोताहरूको भौगोलिक तथा विषयगत नक्साङ्कन गर्नुपर्छ । सामाजिक परिचालन यस रणनीतिको एक महत्त्वपूर्ण तत्व भएको हुनाले समुदायिक परिचालक, युवा सञ्जालका सदस्य, विद्यालय व्यवस्थापन समिति महासङ्घ तथा स्थानीय सरकार महासङ्घहरूलाई विशिष्ट रूपले दर्साउनु निकै महत्त्वपूर्ण काम हुनेछ किनकि यी निकायहरूले क्रियाकलाप तथा सन्देशको पहुँच धेरै बढाउन सक्छन् ।

## ४.४ कार्ययोजना

प्रयोगकर्ताहरूले सञ्चारका लागि कार्ययोजना तयार पार्नुपर्छ । यो रणनीतिको अनुसूची ७ मा मुख्य लक्षित स्रोताका लागि नमुना कार्ययोजना दिइएको छ । यसका आधारमा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था, गैह्रसरकारी संस्था, विकास साझेदार, सरकारी तथा अन्य निकायहरूले कार्ययोजना बनाई आआफ्नो कार्यक्षेत्रका लक्षित समूहका लागि लागू गर्न सक्छन् । प्रत्येक नमुना कार्ययोजनामा मुख्य सञ्चार उद्देश्यको सूची तथा सुझाइएका क्रियाकलापहरू दिइएका छन् । यस रणनीतिका प्रयोगकर्ताले क्रियाकलाप कसले कार्यान्वयन गर्ने भन्ने कुराको छिनोफानो गरी स्रोत, आवश्यक खर्च र कार्यान्वयन समयतालिका निर्दिष्ट गर्नुपर्नेछ । कार्यान्वयनकर्ताहरूले विद्यमान सूचना, शिक्षा तथा सञ्चार समाग्री प्रयोग गर्न सक्छन् या उनीहरूले आफ्नै सामग्री तयार गरी प्रयोग गर्नसक्छन् तर आमसञ्चार क्रियाकलापहरू भने स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सञ्चार सामग्रीको प्रचारप्रसारप्रति नै परिलक्षित रहनेछन् भनी सचेत रहनुपर्छ ।

## ४.५ अनुगमन तथा मूल्याङ्कन

सञ्चार कार्यक्रमले बृहत् विद्यालय सुरक्षाको महत्त्वसम्बन्धी ज्ञान र चेतना अभिवृद्धि तथा न्यूनतम् प्याकेजको कार्यान्वयनको दिशामा अपेक्षित प्रभाव पार्न सक्यो कि सकेन भनी जाँच गर्न अनुगमनको आवश्यकता पर्दछ । सरकारद्वारा मान्यताप्राप्त सूचाङ्कहरू समावेश गरिएको अनुगमनको प्रस्तावित रूपरेखा अनुसूची ८ मा दिइएकोछ । आफूले चलाएका सञ्चारका गतिविधिका प्रकारहरू र तिनले पारेको प्रभावलाई समेट्ने गरी अनुगमन मूल्याङ्कन गर्न साझेदारहरूले आफ्नै सूचक तयार पार्न सक्नेछन् तर सम्पूर्ण सूचकहरू मापनयोग्य, हरेक हिसाबले समयबद्ध र उपलब्धिलाई मापन गर्न सक्ने हुन आवश्यक छ ।

सम्पूर्ण सूचकहरूको मापनयोग्य लक्ष्य निर्धारण गरी रणनीति लागू गर्न सुरु गर्नुभन्दा पहिला नै उपभोक्ताले लक्षित स्रोताको ज्ञानको स्तर, मनोवृत्ति तथा अभ्यासहरूको बेसलाइन तयार गरी अनुगमनको काम सुरु गरिसकेको हुनुपर्छ । त्यसपछि, सङ्घीयस्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग तथा स्थानीयस्तरमा सरकारी शिक्षा समितिसँग मिलेर सञ्चार क्रियाकलापका परिणामहरूको नियमित र सुनियोजित अनुगमन गरिरहनु पर्दछ । यो अनुगमन कार्यको निम्नलिखित दुईओटा उद्देश्यहरू रहेका छन् :

१. रणनीति कार्यान्वयनको अनुगमन गर्ने,
२. अपेक्षित उपलब्धि प्राप्त नभएको पाइएमा रणनीतिको पद्धति र क्रियाकलापमा आवश्यक समायोजनको आवश्यकता पहिचान गर्ने ।

## अनुसूची १ : बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज क्रियाकलापका क्षेत्रहरू

यो अनुसूचीले न्यूनतम् प्याकेजका १६ ओटा क्रियाकलापलाई बृहत् विद्यालय सुरक्षाका लागि विश्वव्यापी ढाँचाका तीनओटा स्तम्भमा सूचीकृत गरेको छ :

**स्तम्भ १ : सुरक्षित सिकाइ सुविधाहरू**

१. संरचनात्मक सुरक्षाको लेखाजोखा गर्नु,
२. न्यूनतम् संरचनात्मक सुरक्षा प्राप्तिका लागि क्रियाकलापहरूको पहिचान गर्नु,
३. मर्मतसम्भार सहितको न्यूनतम् संरचनात्मक सुरक्षा क्रियाकलापहरू लागू गर्नु,
४. सबै प्रकारका निर्माण र पुनर्स्थापना क्रियाकलापहरूको गुणस्तर सुनिश्चत गर्नु ।

**स्तम्भ २ : विद्यालय विपद् व्यवस्थापन**

५. विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारी पहिचान गर्नु,
६. विपद् जोखिम न्यूनीकरण विद्यालय सुरक्षा र लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षक छनोट गर्नु,
७. प्रधानाध्यापक, विद्यालय व्ववस्थापन समिति, विपद् जोखिम न्यूनीकरणर विद्यालय सुरक्षा सम्पर्क व्यक्ति र विपद् जोखिम न्यूनीकरण सम्पर्क शिक्षकलाई विद्यालय विपद् जोखिम न्यूनीकरण तथा न्यूनतम् प्याकेज कार्यान्वयनको योजना बनाउन तालिम दिनु,
८. विपद् जोखिम न्यूनीकरणको तालिम लिएका प्रधानाध्यापक शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिले बहुविपद् जोखिम लेखाजोखासहित बाल संरक्षण र शान्तिक्षेत्रका रूपमा विद्यालयसम्बन्धी विद्यालयस्तरीय अभिमुखीकरण चलाउनु,
९. जोखिम न्यूनीकरण क्रियाकलापहरू, प्रतिकार्यका लागि पूर्वतयारी क्रियाकलापहरू, बाल संरक्षण क्रियाकलापहरू, निरन्तर विद्यालय क्रियाकलापहरूको कार्ययोजना बनाउने र विद्यालय सुधार योजनामा समावेश गर्नु,
१०. विद्यालय सुधार योजनामा प्रतिबिम्बित गैह्रसंरचनात्मक र ससाना अल्पीकरण क्रियाकलापहरू लागू गर्नु,
११. विद्यालय सुधार योजनामा समावेश भएका प्रतिकार्यका लागि विद्यालय विपद् पूर्वतयारी क्रियाकलापहरू लागू गर्नु ।
१२. स्थानीय सरोकारवाला र अख्तियारवालाहरूसँग समन्वय गर्ने ।

**स्तम्भ ३ : जोखिम न्यूनीकरण र उत्थानशिल शिक्षा**

१३ विद्यालयहरूले पाठ्यक्रममा निर्दिष्ट गरिएका विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण र बाल संरक्षणमा सत्रहरू सञ्चालन गर्ने,
१४. विद्यालय सुरक्षासम्बन्धी अतिरिक्त शैक्षिक क्रियाकलाप र अनौपचारिक प्रबर्धनात्मक कार्यहरू सञ्चारण गर्ने,
१५. विद्यालयमा बाल संरक्षण र विद्यालय शान्तिक्षेत्रसम्बन्धी सचेतना अभिवृद्धि गर्नु,
१६. विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूबीच अन्तरकिया सत्रहरू सञ्चालन गरेर विद्यालय र समुदायमा विपद् जोखिम न्यूनीकरण सचेतना अभिवृद्धि गर्नु ।

## अनुसूची २ : बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिको कार्यक्षेत्रहरू

विद्यालय र स्थानीय सरकारले लागू गर्ने कार्यान्वयन कार्यविधिका १५ ओटा कार्यक्षेत्रहरू यस अनुसूचीमा सूचीकृत छन् ।


**विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि**

१. विद्यालयमा बृहत् विद्यालय सुरक्षालाई संस्थागत गर्ने,
२. बृहत् विद्यालय सुरक्षाका लागि विद्यालयको क्षमता विकास गर्ने,
३. विद्यालयको संरचनागत र गैह्रसंरचनागत मूल्याङ्कन गर्ने,
४. विद्यालयमा न्यूनतम् संरचनात्मक सुरक्षा पहिचान गर्ने,
५. बृहत् विद्यालय सुरक्षाका क्रियाकलापहरूको योजना बनाउने,
६. संरचनात्मक गैह्र संरचनात्मक विपद्र अल्पीकरण र पूर्वतयारीका उपायहरू लागू गर्ने,
७. विपद्पछिको उद्धारमा आधारित शिक्षा सञ्चालन गर्ने,
८. विद्यालय पारिवार, अभिभावकहरू र स्थानीय समुदायसँग बृहत् विद्यालय सुरक्षाका विषयमा अन्तरक्रिया गर्ने,
९. स्थानीय सरोकारवाला र अख्तियारवालाहरूसँग समन्वय गर्ने,

**स्थानीय सरकारका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि**

१. बृहत् विद्यालय सुरक्षामा स्थानीय सरकारको क्षमता विकास गर्ने,
२. विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्न सहजीकरण गर्ने,
३. बाल संरक्षण र विद्यालय शान्तिक्षेत्रको आचारसंहिता विकास गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,
४. बृहत् विद्यालय सुरक्षा शिक्षणमा विद्यालयलाई सहयोग गर्ने,
५. विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको निरीक्षण गर्ने,
६. स्थानीय सरोकारवाला र अख्तियारवालाहरूसँग समन्वय गर्ने ।



## अनुसूची ३ : न्यूनतम् प्याकेज कार्यान्वयनका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी कार्य र आवश्यक ज्ञान, अवरोध र सहजीकरण

| विषय | विश्लेषण नतिजा |
|---|---|
| **१. विद्यार्जीहरु** | |
| गर्नुपर्ने | ● आफ्नो विद्यालयमा न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि पैरवी गर्ने । |
| जान्नुपर्ने | ● बृहत् विद्यालय सुरक्षाको परिभाषा र न्यूनतम् प्याकेज कार्यान्वयनका फाइदाहरू,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारको भूमिका र जिम्मेवारी |
| बाधाहरू | ● बृहत् विद्यालय सुरक्षाका बारेमा सीमित ज्ञान,<br>● विद्यालयमा बृहत् विद्यालय सुरक्षा शिक्षासम्बन्धी जानकारी र क्रियाकलापहरूको माग गर्ने अनिच्छा । |
| सहजीकरणका तत्वहरू | ● विपद्को समयमा सुरक्षित हुने आकाङ्क्षा<br>● साहसी र बुद्धिमान् हुन आकाङ्क्षा । |
| **२. प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा एवम् लैङ्गीक समानता र सामाजिक समावेशीकरण सम्पर्क शिक्षक** | |
| गर्नपर्ने | न्यूनतम् प्याकेज लागू गर्न<br>● जोखिम न्यूनीकरण, पूर्वतयारी, बाल संरक्षण र विद्यालय निरन्तरता उपयोजना,<br>● गैह्र(संरचनात्मक र ससाना विपद् अल्पीकरणका क्रियाकलापहरू,<br>● बृहत् विद्यालय सुरक्षा, बाल संरक्षण, विद्यालय शान्तिक्षेत्र, लैङ्गीक समानता र सामाजिक समावेशीकरणसम्बन्धी सचेतना सत्रहरूको विकासगरी विद्यालयमा सञ्चालन,<br>● विद्यालय परिवार र स्थानीय समुदायबीच बृहत् विद्यालय सुरक्षाका विषयमा अन्तरक्रिया सत्रहरूको आयोजना । |
| जान्नुपर्ने | ● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधि पुस्तिकाको उपलब्धता,<br>● शिक्षक विद्यार्थी र विद्यालयका लागि न्यूनतम् प्याकेजका फाइदाहरू,<br>● न्यूनतम् प्याकेजका मुख्य विशेषताहरू र कार्यान्वयन कार्यविधिले यस प्याकेजको कार्यान्वयनमा सहजीकरण गर्छ भन्ने कुरा,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनमा उनीहरूको भूमिका र जिम्मेवारी,<br>● विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्ने सबैभन्दा उत्तम विकल्प न्यूनतम् प्याकेज हो भन्ने कुरामा विश्वास |
| बाधाहरू | ● विद्यालयलाई सुरक्षित बनाउन सकिने ज्ञानको कमी,<br>● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा सचेतनाको अभाव,<br>● विद्यार्थीको परीक्षाको नतिजाका आधारमा शिक्षकहरूको दक्षता मापन गरिने भएकाले पाठ्यक्रममा केन्द्रित शिक्षण बाहेकका अतिरिक्त कार्य गर्ने अनिच्छा,<br>● बृहत् विद्यालय सुरक्षाप्रतिको उत्तरदायित्व महसुस नगर्नु र यसबाट प्रभावित हुन नसक्नु । |
| सहजीकरणका तत्वहरू | ● विद्यालयलाई सुरक्षित राख्ने आकांक्षा<br>● न्यूनतम् प्याकेज कार्यान्वयन गर्ने मुख्य व्यक्तिहरू उनीहरू नै हुन् भन्ने तथ्यप्रति सचेतता । |

<table>
<tr><td colspan="2">३. विद्यालय व्यवस्थापन समिति</td></tr>
<tr><td>गर्नुपर्ने</td><td>शिक्षक र स्थानीय सरकारसंग समन्वय गरी न्यूनतम् प्याकेज कार्यान्वयन गर्न<br>● विद्यालय सुधार योजनामार्फत संस्थागत (Set up)/सुदृढीकरण,<br>● योजना र क्रियाकलापहरू विकास गरेर तथा बजेट विनियोजन गरेर प्रधानाध्यापक र सम्पर्क शिक्षकहरूको क्षमता विकास,<br>● विद्यालयको संरचनात्मक मूल्याङ्कन,<br>● न्यूनतम् संरचनात्मक सुरक्षा क्रियाकलापहरू र गुणस्तर कायम भएको विश्वासनीय संरचनाहरू पहिचान गरी कार्यान्वयन,<br>● बृहत् विद्यालय सुरक्षाका बारेमा स्थानीय सरोकारवालाहरू र सम्बन्धित अख्तियारवालाहरूसँग समन्वय ।</td></tr>
<tr><td>जान्नुपर्ने</td><td>● बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण प्रवर्धन गर्ने सबैभन्दा उपयुक्त विकल्प र उपाय नै बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज हो भन्ने सन्देश,<br>● शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका लागि न्यूनतम् प्याकेजका फाइदाहरू,<br>● कार्यान्वयन कार्यविधिले न्यूनतम् प्याकेज कार्यान्वयनमा मार्गनिर्देश गर्दछ भन्ने सन्देशमा विश्वास,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनमा उनीहरूको भूमिका र जिम्मेवारी ।</td></tr>
<tr><td>बाधाहरू</td><td>● विद्यालयलाई सुरक्षित बनाउन केके चाहिन्छ भन्ने कुराको सीमित ज्ञान,<br>● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा सचेतनाको अभाव,<br>● बृहत् विद्यालय सुरक्षाका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका प्रमुख हुन्छ भन्ने कुराको सीमित ज्ञान,<br>● विपद् जोखिम न्यूनीकरण र बृहत् विद्यालय सुरक्षा क्रियाकलापहरू सञ्चालनका लागि प्रधानाध्यापकमा निर्भरता,<br>● बृहत् विद्यालय सुरक्षाका लागि स्रोतहरूको प्रयोग र पँहुचमा अपर्याप्त सीप ।</td></tr>
<tr><td>सहजीकरणका तत्वहरू</td><td>● विद्यालयलाई विपद् र जोखिमबाट सुरक्षित बनाउने आकाङ्क्षा ।</td></tr>
<tr><td colspan="2">४. अभिभावकहरू, शिक्षक अभिभावक सङ्गठन र स्थानीय समुदाय</td></tr>
<tr><td>गर्नुपर्ने</td><td>● न्यूनतम् प्याकेज कार्यान्वयनको माग गर्न आफ्ना बालबालिकाको विद्यालयमा निरन्तरता,<br>● कम्तीमा प्रत्येक २ महिनामा १ पटक शिक्षक अभिभावक सङ्घले न्यूनतम् प्याकेज कार्यान्वयनको प्रगतिका विषयमा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूसँग छलफल ।</td></tr>
<tr><td>जान्नुपर्ने</td><td>● आफ्ना बालबालिकाहरू पढ्ने विद्यालयको सुरक्षित वा असुरक्षित अवस्था,<br>● न्यूनतम् प्याकेज अवधारणा विद्यालयलाई सुरक्षित राख्नका लागि यसको कार्यान्वयन भन्ने सन्देश,<br>● न्यूनतम् प्याकेजको कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र स्थानीय सरकार जिम्मेवार छन् भन्ने जानकारि,<br>● विद्यालयमा अभिभावकको सक्रिय सहभागिताले न्यूनतम् प्याकेज कार्यान्वयनमा उत्प्रेरणा जगाउँछ भन्ने सन्देश ।</td></tr>
<tr><td>बाधाहरू</td><td>● बृहत् विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण र न्यूनतम् प्याकेजको सीमित ज्ञान,<br>● बृहत् विद्यालय सुरक्षाका बारेमा ध्यानाकर्षण नहुने अवस्था ।</td></tr>
<tr><td>सहजीकरणका तत्वहरू</td><td>● बालबालिका सुरक्षित हुनुपर्छ भन्ने आकांक्षा<br>● स्थानीय विद्यालय जोखिममुक्त छ भन्ने कुरामा गर्व महसुस हुने अवस्था ।</td></tr>
</table>

| ५. स्थानीय सरकार | |
|---|---|
| गर्नुपर्ने | ● बृहत् विद्यालय सुरक्षामा विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारीलाई पुनर्परिभाषित गर्ने ।<br>**न्यूनतम् प्याकेज कार्यान्वयन गर्न**<br>● बृहत् विद्यालय सुरक्षामा स्थानीय सरकारको क्षमता विकास,<br>● प्याकेज कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सहयोग र स्रोतको उपलब्धता,<br>● बृहत् विद्यालय सुरक्षा क्रियाकलापहरू कार्यान्वयन गर्न स्थानीय सरोकारवाला र अख्तियारवालाहरूसँग समन्वय,<br>● बाल संरक्षण र विद्यालय शान्तिक्षेत्रको आचारसंहिता बनाई विद्यालयमा लागू र त्यसको अनुगमन,<br>● विद्यालयमा सुरक्षा, विपद् जोखिम न्यूनीकरण र बालसंरक्षणका लागि सहायता र अनुगमन । |
| जान्नुपर्ने | ● शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले न्यूनतम् प्याकेज र यसको कार्यान्वयन कार्यविधिलाई समर्थन गरेको छ,<br>● न्यूनतम् प्याकेजका फाइदाहरू र कसरी यसले बृहत् विद्यालय सुरक्षालाई सुनिश्चित गर्छ,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि कहिले के गर्नुपर्छ,<br>● विद्यालय व्यवस्थापन समितिलाई न्यूनतम् प्याकेज कार्यान्वयनका लागि परिचालित गर्न र न्यूनतम् प्याकेज कार्यान्वयन गर्न स्थानीय सरकारको मुख्य भूमिका हुन्छ,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि स्थानीय सरकारको प्रतिबद्धता महत्त्वपूर्ण हुन्छ । |
| बाधाहरू | ● बृहत् विद्यालय सुरक्षाको सीमित ज्ञान,<br>● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा थाहा नहुनु,<br>● विद्यालयलाई सुरक्षित बनाउन राजनीतिक प्रतिबद्धताको कमी । |
| सहजीकरणका तत्त्वहरू | ● सक्षम स्थानीय सरकार,<br>● आफ्नो क्षेत्रमा सुरक्षित विद्यालयहरू छन् भन्ने कुरामा राजनीतिक गर्व । |
| **६. सङ्घीय र स्थानीय सरकार, गैह्रसरकारी संस्था , अर्ध गैह्रसरकारी संस्था , विकास साझेदारहरू र सञ्चार** | |
| गर्नुपर्ने | ● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि नीति र कार्यविधिमा प्रतिबिम्बित भए अनुसारको सरकारको प्रतिबद्धता र आकांक्षा<br>● सरकारले जारी गरेको प्रशासनिक निर्देशनहरू र सार्वजनिक घोषणाहरू,<br>● बृहत् विद्यालय सुरक्षा क्रियाकलापका लागि सरकारले विनियोजन गरेको स्रोतसाधन,<br>● बृहत् विद्यालय सुरक्षा संस्थागत अभ्यास, संयन्त्रको विकास, सबलीकरण र क्षमता अभिवृद्धि,<br>● सञ्चार अभियान र क्रियाकलापलाई सहायता प्रदान । |
| जान्नुपर्ने | ● विद्यालयमा न्यूनतम् प्याकेजको कार्यान्वयन हुनु राष्ट्रिय गौरवको कुरा हो,<br>● बृहत् विद्यालय सुरक्षाको एजेन्डा सेटिङ्ग र स्रोत परिचालनमा लक्षित समूहहरूको मुख्य भूमिका हुन्छ । |
| बाधाहरू | ● बृहत् विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणको सीमित ज्ञान,<br>● बृहत् विद्यालय सुरक्षा गुरुयोजना, न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा सीमित जानकारी । |
| सहजीकरणका तत्त्वहरू | ● बृहत् विद्यालय सुरक्षाको महत्त्व जानेर कार्यमा सहजता,<br>● बृहत् विद्यालय सुरक्षाका लागि पर्याप्त बजेट,<br>● सुरक्षित विद्यालय बनाउनुमा गौरवको महसुस,<br>● छवि निर्माण । |

# अनुसूची ४ बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको फाइदा

नेपालका विद्यालयहरूमा बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयन गर्दा हुने प्रमुख फाइदाहरू र यसका आधारभूत भागहरूको जानकारी उल्लेख गर्दछ ।

**बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज किन लागू गर्ने ?**

**सर्वसाधारण जनताका लागि फाइदा**

- यसले विद्यार्थी र विद्यालयका कर्मचारीहरूलाई प्राकृतिक वा मानव सिर्जित तथा विपद्बाट हुन सक्ने चोटपटक र सम्भावित मृत्युबाट बचाउँछ,
- यसले विद्यालयको पूर्वाधार, सुविधाहरू र अन्य सम्पत्तिमा गरेको लगानीलाई जोगाउँछ,
- यसले विद्यार्थीहरू सुरक्षित सिकाइ वातावरणमा पढ्दै छन् भन्ने कुराको सुनिश्चित गर्दछ,
- यसले विपद् तथा अन्य आपत्कालीन अवस्थापछि पनि शिक्षाको निरन्तरता सुनिश्चित गर्दछ,
- यसले विपद् जोखिमको न्यूनीकरण कसरी गर्ने र विपद्मा कसरी प्रतिकार्य गर्ने भन्ने कुराको सचेतना अभिवृद्धि गर्छ,
- यसले विद्यार्थीहरूलाई सबै किसिमका खतराबाट जोगाउँछ र उनीहरूको शिक्षामा प्रोत्साहन गर्छ,
- यसले विद्यालयलाई अझ बढी सुरक्षित बनाउन शिक्षक र अभिभावकलाई सहकार्यमा प्रोत्साहन गर्छ ।

**विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारका लागि फाइदा**

- बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको कार्यान्वयनले सन् २०३० सम्ममा नेपालका सबै विद्यालयहरू शिक्षण सिकाइका लागि सुरक्षित स्थल हुने घोषणालाई मूर्त रूप दिन सहयोग गर्नेछ,
- विद्यालयमा विपद् जोखिम न्यूनीकरणका लागि उत्तरदायिइत्व संस्थागत गर्न सहयोग गर्दछ,
- सरकारको बृहत् विद्यालय सुरक्षा गुरुयोजना, 2017 ले परिकल्पना गरेको नेपालका सबै विद्यालयले पर्याप्त मात्रामा सुरक्षा हासिल गर्छन् भन्ने कुरालाई सुनिश्चित गर्छ,
- यसको कार्यान्वयनले बाल अधिकार, बाल संरक्षण र दिगो विकास लक्ष्य अन्तर्गतको गुणस्तरीय शिक्षा, विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (Sendai Framework for Disaster Risk Reduction) मा नेपाल सरकारले अन्तराष्ट्रिय समुदायमा गरेको प्रतिबद्धता पूरा गर्न र विद्यालय क्षेत्र विकास योजना तथा सरकारका नीति एवम् रणनीतिहरू सफल पार्न सहयोग गर्छ ।

## अनुसूची ५ सञ्चार सामग्रीहरू उत्पादनका लागि ढाँचा

यो ढाँचा सञ्चार क्रियाकलापहरू र सामग्रीहरू विकास गर्न निर्देशित गर्ने साधन हो । यसलाई सबै किसिमका सरोकारवालाहरूको सहभागितामा भर्नु पर्दछ ।

| बर्गीकरण र निर्देशन | प्रतिकार्यहरु |
|---|---|
| **१. सञ्चारको समग्र उद्देश्य** | |
| स्रोता | |
| **२. सञ्चारको उद्देश्यहरू :** परिवर्तनका बाधाहरूलाई प्रत्यक्ष सम्बोधन, | |
| **चाहेका परिवर्तनहरू :** | |
| **अवरोध र बाधाहरू :** | |
| **सञ्चारका उद्देश्यहरू :** | |
| **३. सन्देशका बुँदाहरू** (रणनीतिमा उल्लेख भएका प्रत्येक परिणाम र क्रियाकलापहरू): स्रोताको विचार अनुसार तयार गर्ने, | |
| **मुख्य प्रतिज्ञा (यो प्राय:मुख्य सन्देश हुन्छ ।)**<br>● यसले सबैभन्दा महत्वपूर्ण फाइदा बताउने र स्रोतालाई कार्य सम्पन्नगर्न प्रेरणा दिने खालको सम्झाउने र बुझाउने भनाइ । | |
| **समर्थन जनाउने भनाइ**<br>● किन लक्षित समूहले प्रतिज्ञामा विश्वास गर्नुपर्ने भन्ने बारेको छोटो भनाइ । यो भनाइ तथ्यपरक वा भावनात्मक (जुन बढी प्रभावशाली हुन्छ) हुनसक्छ र किन उक्त प्रतिज्ञाले कार्य सम्पन्न गर्दा आउने बाधाहरूलाई हटाउन सक्छ भन्ने बताउने । | |
| **कार्यका लागि आह्वान गर्ने**<br>● स्रोताले के गर्नुपर्छ भन्ने हामी चाहन्छौँ, त्यसका लागि आह्वान गर्ने । | |
| **सर्वाधिक प्रभाव पार्ने भनाइ**<br>● त्यो विश्वास वा अनुभूति जुन लक्षित समुहले सन्देशअनुसार आफूले ब्यवहार परिवर्तन गर्ने कुरा उजागर गर्दछ । | |
| **सन्देशको भाव**<br>● प्रवर्द्धन गरेको विचार, सन्देश वा व्यवहारलाई लक्षित समूहले कसरी ग्रहण वा मनन गरुन वा बुझुन भन्ने चाहान्छौ ? | |
| **४. मुख्य विषयवस्तु र मनोभाव** | |
| **मुख्य विषयवस्तु**<br>सामग्री र क्रियाकलापका क्रमबद्ध बुँदाहरू । सञ्चार उद्देश्य प्रार्पतका लागि स्रोतालाई के सन्दर्भिक हुन्छ परिवर्तन प्राप्तिका लागि त्यही गरिन्छ । | |
| **५. मनोभाव र अपिल** | |
| ● सन्देशको मनोभाव (उदाहरणः औपचारिक, अनौपचारिक, सक्रिय, आदेशात्मक)<br>● अपिलको किसिम (उदाहरणः सकारात्मक भावना जागृत गर्ने, डर, हास्य, प्रभावी, एकपक्षीय विरुद्ध बहुपक्षीय) | |
| **६. रचनात्मक विचारहरू** | |
| ● सञ्चार मिश्रित र क्रियाकलापहरू (रणनीतिबाट लिइएको),<br>● खोजिएको : स्रोतासम्म पुग्न के अवसरहरू छन् ?,<br>● रचनात्मक विचारहरू : भाषा, शैली, नक्साङ्कन, चित्रहरू,<br>● सामग्री र क्रियाकलापहरूको गुणस्तर वा प्रभाव पार्ने तत्व । | |

## अनुसूची ६ : बृहत् विद्यालय सुरक्षा सञ्चार तथा सम्प्रेषण रणनीतिका बारेमा स्थानीय सरकार, बृहत् विद्यालय सुरक्षा तथाविपद् जोखिम न्यूनीकरणका सम्पर्क व्यक्तिहरूलाई अभिमुखीकरण

<table>
<tr><th colspan="3">मिति स्थान</th></tr>
<tr><th>खण्ड १</th><th>खण्ड २</th><th>खण्ड ३</th></tr>
<tr><td>सञ्चार तथा सम्प्रेषण रणनीति के हो व्याख्या गर्ने (स्लाइड १)<br>● बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा सूचना र जानकारी दिने र बुझाउने ।<br><br>लक्षित समूह को हुन् भनी व्याख्या गर्ने (स्लाइड २)<br>● विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र बृहत् विद्यालय सुरक्षा बिपद जोखिम न्यूनीकरण सम्पर्क शिक्षकहरू,<br>● विद्यालय व्यवस्थापन समिति सदस्यहरू,<br>● अभिभावकहरू,<br>● स्थानीय सरकार,<br>● प्रदेशिक र सङ्घिय सरकार, गैह्रसरकारी संस्था, अर्ध गैह्रसरकारी संस्था र विकास साझेदारहरू,<br>● सञ्चार ।</td><td>रणनीतिका प्रयोगकर्ताहरू को हुन् भनी व्याख्या गर्ने र उनीहरूको जिम्मेवारी व्याख्या गर्ने (स्लाइड ३ र ४)<br>● शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसका केन्द्रीय तहका निकाय तथा सञ्जाल,<br>● शिक्षा तथा अरू सम्बन्धित प्रादेशिक मन्त्रालयहरू, प्रादेशिक र स्थानीय सरकारका निकायहरू,<br>● सञ्चार संस्थाहरू,<br>● गैह्रसरकारी संस्था , अर्धगैह्रसरकारी संस्था र अन्य विकास साझेदारहरू,<br>● पैरवी समूह</td><td>विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरणमा कार्य गर्ने सरोकारवालाहरू । लक्षित समूह विशेषका सञ्चार रणनीतिहरू केमा आधारित छन् ? (स्लाइड ५)<br><br>प्रत्येक स्रोतासम्म पुग्ने सञ्चार रणनीतिहरू (मुख्य सन्देश, माध्यम र IEC सामग्री आदि) व्याख्या गर्ने । (स्लाइड ६ देखि १२)<br>● विद्यार्थीहरू,<br>● विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक,बृहत् विद्यालय सुरक्षा बिपद् जोखिम न्यूनीकरण सम्पर्क शिक्षकहरू,<br>● विद्यालय व्यवस्थापन समिति सदस्यहरू,<br>● अभिभावकहरू,<br>● स्थानीय सरकारका शिक्षा अधिकृतहरू,<br>● प्रादेशिक र सङ्घीय सरकार, गैह्रसरकारी संस्था, अर्ध गैह्रसरकारी संस्था र विकास साझेदारहरू,<br>● सञ्चार रणनीति र न्यूनतम् प्याकेज कार्यान्वयनबाट हुने प्रभाव झल्किने छोटो दृश्य सामग्री (Video)</td></tr>
</table>

## अनुसूची ७ बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा लक्षित समूहलाई जानकारी दिने कार्ययोजनाको नमूना

**१. बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा विद्यार्थीलाई जानकारी दिने सञ्चार अभियानको कार्ययोजना नमुना**

| क्रियाकलापहरू | कार्यान्वयनकर्ता | स्रोत र लागत | समय |
|---|---|---|---|
| **लक्षित समूह १ विद्यार्थीहरू** | | | |
| **उद्देश्यहरू**<br>● विद्यार्थीलाइ बृहत् विद्यालय सुरक्षाको महत्त्व बारेमा बताउने छन्,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका फाइदाहरू बारे भन्न सक्नेछन् ,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारको भूमिका तथा जिम्मेवारी बताउनेछन्,<br>● विद्यालयमा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि विद्यालयले गर्नुपर्ने कार्य बारे भन्न र कार्यान्वयनमा सहयोग गर्न सक्ने छ,<br>● बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि आफ्नो भूमिका र जिम्मेवारी बताउन सक्नेछन् । | | | |
| क्रियाकलाप १.१. सञ्चार सामग्री उत्पादन गर्ने | | | |
| ● सामग्रीहरू उपलब्ध भएनन् भने वा भएका सामग्री अनुपयुक्त छन् भने सरल किसिमका बृहत् विद्यालय सुरक्षासम्बन्धी सञ्चार सामग्री तयार गर्ने वा उत्पादन गर्ने (चित्र र लेखन सहितका) | | | |
| ● सङ्कटासन्न बालबालिका लक्षित बृहत् विद्यालय सुरक्षासम्बन्धी सामग्रीहरू उपलब्ध भएनन् भने वा भएका सामग्री अनुपयुक्त छन् भने सञ्चार सामग्री तयार गर्ने वा उत्पादन गर्ने(चित्र र लेखन सहितका) | | | |
| ● भित्ते लेखन तथा चित्रका सन्देशसमेत अन्य नयाँ सामग्रीको पूर्वपरीक्षण गर्ने | | | |
| ● विद्यालय र सार्वजनिक स्थलका पर्खालमा बृहत् विद्यालय सुरक्षाको सन्देश झल्किने भित्तेलेखन तथा चित्रहरू बनाउने । | | | |
| ●अन्तर्वैयक्तिक र समुदायमा आधारित सञ्चार माध्यममार्फत सामग्रीहरूको प्रचारप्रसार गर्ने । | | | |
| क्रियाकलाप १.२ विद्यालयमा बृहत् विद्यालय सुरक्षासम्बन्धी अतिरिक्त शैक्षिक क्रियाकलापहरू नियमित सञ्चालन गर्ने | | | |
| ●बृहत् विद्यालय सुरक्षामा विद्यार्थीको अभिमुखीकरण र विद्यालयमा आन्तरिक तालिम प्रदान गर्ने स्थानीय संस्था तथा व्यवसायीहरूको पहिचान गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षा सम्पर्क शिक्षकलाई न्यूनतम् प्याकेज कार्यान्वयन कार्यविधि र बृहत् विद्यालय सुरक्षासम्बन्धी अतिरिक्त शैक्षिक क्रियाकलापहरूका बारेमा पूर्ण जानकार र अभ्यस्त बनाउनु | | | |

| | | | |
|---|---|---|---|
| ● न्यूनतम् प्याकेज, कार्यान्वयन कार्यविधि र तिनीहरूको कार्यान्वयनमा बालक्लबका सदस्यहरूको भूमिकाबारेमा तालिम दिने | | | |
| क्रियाकलाप १.३ सडक नाटक प्रस्तुत गर्ने | | | |
| ● विद्यालयमा बृहत् विद्यालय सुरक्षासम्बन्धी नाटक प्रस्तुत गर्ने समूह तयार गर्ने | | | |
| ● पटकथा लेख्ने र नाटक तयार गर्ने | | | |
| ● विद्यालयमा बृहत् विद्यालय सुरक्षासम्बन्धी नाटक प्रस्तुत गर्ने | | | |
| क्रियाकलाप १.४ सञ्चार सामग्री उत्पादन गर्ने र सञ्चार माध्यमबाट प्रसारण गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी स्थलगत रेडियो रिपोर्ट, रेडियो नाटक, टेलिभिजन श्रृङ्खला, टेलिभिजन नाटक, वेभमा आधारित शैक्षिक मनोरञ्जनात्मक शङ्खलाहरू उत्पादन गर्न सहायता गर्ने | | | |
| ● सञ्चार माध्यमबाट प्रसारण गरिने सामग्रीहरूको डिजाइन, निर्माण र पूर्वपरीक्षण गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी सामाजिक सञ्जालका पृष्ठ बनाउने (फेसबुक आदि) | | | |
| ● यी सबै माध्यमबाट मुख्य सन्देश प्रचारप्रसार गर्ने | | | |

२. **बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा शिक्षकहरूलाई जानकारी दिन बनाइएको सञ्चार अभियानको कार्ययोजना नमुना/उदाहरण**

| **क्रियाकलापहरू** | **कार्यान्वयनकर्ता** | **स्रोत र लागत** | **समय** |
|---|---|---|---|
| लक्षित समूह २ : प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गीक समानता एवम् सामाजिक समावेशीकरण सम्पर्क शिक्षक र सबै शिक्षकहरू | | | |
| **उद्देश्यहरू**<br>● शिक्षकहरूले बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजका बारेमा भन्न सक्नेछन्<br>● शिक्षकहरूले न्यूनतम् प्याकेजका मुख्य विशेषताहरू व्यक्त गर्नेछन् र कार्यान्वयन कार्यविधिले न्यूनतम् प्याकेजको कार्यान्वयनमा मार्गनिर्देश गर्नेछ भन्ने कुरा बुझी सोही अनुसार गर्ने छन् ।<br>● विद्यार्थी र शिक्षकका लागि न्यूनतम् प्याकेजका फाइदाहरू बुझी अनुसरण गर्नु,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनमा प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गीक समानता एवम् सामाजिक समावेशीकरण सम्पर्क शिक्षकहरूको भूमिका र जिम्मेवारी जानी व्यवहारमा प्रदर्शन गर्नु । | | | |
| **कियाकलाप २.१ शिक्षकहरूका लागि तालिम, सचेतना कार्यक्रम र ज्ञान आदानप्रदानका क्रियाकलापहरू** | | | |
| ● शिक्षकहरूको स्थानीय सङ्गठन पहिचान गर्ने र उनीहरूका लागि बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजको तालिम तथा अभिमुखीकरण क्रियाकलापहरू सञ्चालन गर्ने | | | |

| | | | |
|---|---|---|---|
| ● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिमा आधारित तालिम प्याकेज विकास गर्ने र यसलाई स्थानीयस्तरको विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरूमा जोड्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षाका तालिम कार्यक्रमहरू सञ्चालन गर्ने | | | |
| **क्रियाकलाप २.२ पोस्टर, फ्लेक्स, हाते पुस्तिका समेतका सञ्चार सामग्रीहरू तयार गर्ने ।** | | | |
| ● पोस्टर, फ्लायर्स पुस्तिका, पम्प्लेट जस्ता विशेष प्रकारका सञ्चार सामग्रीहरू तयार गर्ने (यदि उपयुक्त सामग्री उपलब्ध छैनन् भने) | | | |
| ● पूर्वपरीक्षण गर्ने र सञ्चार सामग्रीहरू उत्पादन गर्ने | | | |
| ● अन्तर्वैयक्तिक र समुदायमा आधारित सञ्चार माध्यमहरूमार्फत सञ्चार सामग्रीहरू फैलाउने र वितरण गर्ने | | | |
| ● तालिम र अभिमुखीकरणका क्रममा प्रयोग गर्न बृहत् विद्यालय सुरक्षामा आधारित डकुड्रामा बनाउने | | | |
| **क्रियाकलाप २.३ बृहत् विद्यालय सुरक्षासम्बन्धी कार्यक्रमहरू मनाउने** | | | |
| ● विद्यालय सुरक्षा, शिक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तराष्ट्रिय, राष्ट्रिय र विशेष कार्यक्रमका दिवसहरू उल्लिखित क्यालेन्डर तयार गर्ने | | | |
| ● विशेष दिवसहरूमा प्रदर्शन र वितरण गर्न उपलब्ध भएका सञ्चार सामग्रीहरू प्रयोग गर्ने वा नयाँ सामग्री र पोस्टर तयार गर्ने | | | |
| ● अवसर विशेषमा सबैलाई समेट्ने गरी मुख्य सन्देशहरू वा स्मृति सन्देशहरू सम्प्रेषण गर्ने | | | |
| ● विद्यालयका विशेष कार्यक्रमहरू र बृहत् विद्यालय सुरक्षाका कार्यक्रमहरूको भिडियो र चित्रकथाहरू युट्युब, फेसबुक र अन्य सामाजिक सञ्जालबाट प्रचारप्रसार गने | | | |
| ● विशेष दिवसका अवसरमा विद्यालय सुरक्षा र सम्बन्धित प्रवर्द्धनात्मक पहलका विषयमा एफएम रेडियोका संवाद कार्यक्रमहरूमा सहभागी भई विचार प्रस्तुत गर्ने वा बहस कार्यक्रममा विचार राख्ने | | | |
| **क्रियाकलाप २.४ सञ्चार परिचालन र सामुदायिक सञ्चार माध्यमका साधनहरू प्रयोग गर्ने** | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी विशेष कार्यक्रम र क्रियाकलापहरूलाई समावेश गरी पत्रपत्रिका एफएम, रेडियो र अरू सञ्चार केन्द्रबाट प्रसारण गर्न स्थानीय पत्रकारहरूलाई निमन्त्रित र प्रोत्साहित गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी विचारप्रधान लेखरचना र सफलताका कथाहरूलाई पत्रपत्रिका एफएम, रेडियो र अरू सञ्चार केन्द्रबाट प्रसारण गर्ने | | | |
| ● राष्ट्रिय तथा स्थानीयस्तरका पत्रपत्रिकामा बृहत् विद्यालय सुरक्षासम्बन्धी विज्ञापनहरू छपाउने तथा एफएम एवम् रेडियोबाट प्रसारण गर्ने | | | |

**३. बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा विद्यालय व्यवस्थापन समितिलाई जानकारी दिन बनाइएको सञ्चार अभियानको कार्ययोजना नमुना र उदाहरण**

| क्रियाकलापहरू | कार्यान्वयनकर्ता | स्रोत र लागत | समय |
|---|---|---|---|
| **लक्षित समूह ३. विद्यालय व्यवस्थापन समितिहरू** | | | |
| **उद्देश्यहरू**<br>● विद्यालय व्यवस्थापन समितिहरूले बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजका बारेमा बताउन सक्नेछन्,<br>● विद्यालय, विद्यार्थी, शिक्षक र विद्यालय व्यवस्थापन समितिका लागि न्यूनतम् प्याकेजका फाइदाहरू भन्न सक्नेछन्,<br>● कार्यान्वयन कार्यविधिले न्यूनतम् प्याकेजको कार्यान्वयनमा मार्गनिर्देश गर्नेछ भन्ने कुरा प्रष्ट पार्नेछन्,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिहरूको भूमिका र जिम्मेवारी बारे बताउन सक्नेछन् । | | | |
| **क्रियाकलाप ३.१ तालिम र सचेतना बढाउने क्रियाकलापहरू** | | | |
| ● विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम दिन कार्यान्वयन कार्यविधिमा मार्गदर्शन र अन्य साधनलाई प्रयोग गर्ने | | | |
| ● तालिम पाएका र नपाएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबिच ज्ञान आदानप्रदानका लागि सहजीकरण गर्ने | | | |
| ● सङ्घीय, प्रदेश र स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति महासङ्घका सदस्यहरूलाई क्यास्केड तालिमको तयारी गर्ने | | | |
| ● विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र सरोकारवालाहरूको तालिम तथा छलफलमा बृहत् विद्यालय सुरक्षासम्बन्धी डकुड्रामा तयार गर्ने र प्रस्तुत गर्ने । | | | |
| **क्रियाकलाप ३.२ पोस्टर, फ्लेक्स, पकेट बुक र हाते पुस्तिका समेतका सञ्चार सामग्रीहरू तयार गर्ने ।** | | | |
| ● पोस्टर, फ्लायर्स पुस्तिका, पम्प्लेट जस्ता विशेष प्रकारका सञ्चार सामग्रीहरू तयार गर्ने(यदि उपयुक्त सामग्री उपलब्ध छैनन् भने) | | | |
| ● पूर्वपरीक्षण गर्ने र सञ्चार सामग्रीहरू उत्पादन गर्ने | | | |
| ● अन्तर्वैयक्तिक र समुदायमा आधारित सञ्चार माध्यमहरूमार्फत सञ्चार सामग्रीहरू फैलाउने र वितरण गर्ने | | | |
| **क्रियाकलाप ३.३ विशेष अवसरहरू मनाउने** | | | |
| ● विद्यालय सुरक्षा, शिक्षा र विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तराष्ट्रिय, राष्ट्रिय र विशेष कार्यक्रमका दिवसहरू उल्लेखत भएको क्यालेन्डर तयार गर्ने | | | |
| ● विशेष दिवसहरूमा प्रदर्शन र वितरण गर्न सञ्चारसम्बन्धी नयाँ सामग्री र पोस्टर तयार गर्ने (यदि उपयुक्त सामग्री उपलब्ध छैनन् भने) | | | |

| | | | |
|---|---|---|---|
| • अवसर विशेषमा बृहत् विद्यालय सुरक्षासम्बन्धी विचार प्रधान लेखरचनालाई पत्रपत्रिका, एफएम, रेडियो र वेभसाइडमार्फत प्रसारण गर्ने | | | |
| • अवसर विशेषमा सबैलाई समेट्ने गरी मुख्य सन्देशहरू वा स्मृति सन्देशहरू सम्प्रेषण गर्ने | | | |
| • विद्यालयका विशेष कार्यक्रमहरू र बृहत् विद्यालय सुरक्षाका कार्यक्रमहरूको भिडियो र चित्रकथाहरू युट्युब, फेसबुक र अन्य सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने | | | |
| • विशेष दिवसका अवसरमा विद्यालय सुरक्षा र सम्बन्धित प्रवर्द्धनात्मक पहलका विषयमा एफएम तथा रेडियोका संवाद कार्यक्रमहरूमा सहभागी भई विचार प्रस्तुत गर्ने वा बहस कार्यक्रममा विचार राख्ने | | | |

**४. बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा अभिभावक र शिक्षक अभिभावक सङ्घलाई जानकारी दिन बनाइएको सञ्चार अभियान कार्ययोजना नमुना र उदाहरण**

| क्रियाकलापहरू | कार्यान्वयनकर्ता | स्रोत र लागत | समय |
|---|---|---|---|
| **लक्षित समूह ४.अभिभावक र शिक्षक अभिभावक सङ्घ (स्थानीय समुदायसमेत)** | | | |
| **उद्देश्यहरू**<br>• विद्यालयहरू विद्यार्थीका लागि सुरक्षित स्थल हुनुपर्छ र विद्यालयलाई सुरक्षित स्थल बनाउन न्यूनतम् प्याकेज विद्यालयमा उपलब्ध छ भन्ने कुरा अभिभावकले बुझी अनुसरण गर्नु,<br>• उनीहरूले आफ्ना बालबालिकाको विद्यालयको अवस्था (सुरक्षित र असुरक्षित) बुझी अनुसरण गर्नु,<br>• उनीहरूले न्यूनतम् प्याकेजको फाइदा जानी व्यवहारमा उपयोग गर्नु,<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र स्थानीय सरकार न्यूनतम् प्याकेज कार्यान्वयनमा जिम्मेवार छन् भन्ने अनुसरण गर्नु,<br>• विद्यालयमा न्यूनतम् प्याकेज कार्यान्वयनमा अभिभावकको सक्रिय सहभागीताले उत्प्रेरकको काम गर्नु,<br>• आफ्ना बालबालिका अध्ययन गर्ने विद्यालयमा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि अबलोकन गर्नसक्नेछन्,<br>• शिक्षक अभिभावक सङ्घले बारम्बार न्यूनतम् प्याकेज कार्यान्वयनका विषयमा छलफल गर्नु । | | | |
| **१. क्रियाकलाप ४.१ पोस्टर, फ्लेक्स, पकेटबुक र हातेपुस्तिका समेतका सञ्चार सामग्रीहरू तयार गर्ने ।** | | | |
| • पोस्टर, फ्लायर्स पुस्तिका, पम्प्लेट जस्ता विशेष प्रकारका सञ्चार सामग्रीहरू तयार गर्ने (यदि उपयुक्त सामग्री उपलब्ध छैनन् भने) | | | |
| • सामग्रीहरूको पूर्वपरीक्षण र सामग्रीहरू उत्पादन गर्ने | | | |
| • अन्तर्वैयक्तिक र समुदायमा आधारित सञ्चार माध्यमहरूमार्फत सञ्चार सामग्रीहरू फैलाउने र वितरण गर्ने | | | |
| • तालिम र अभिमुखीकरणका क्रममा प्रयोग गर्न बृहत् विद्यालय सुरक्षामा आधारित डकुड्रामा बनाउने | | | |

| | | | |
|---|---|---|---|
| **क्रियाकलाप ४.२ बृहत् विद्यालय सुरक्षा न्यूनतम कार्यान्वयन कार्यविधिको विषयमा कुराकानी र छलफल गर्ने ।** | | | |
| ● शिक्षक अभिभावक सङ्घको बैठकमा कार्यान्वयन कार्यविधि र बृहत् विद्यालय सुरक्षा कार्यविधि तथा सामग्रीहरू वितरण र छलफल गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षा विषयमा डकुड्रामा देखाएर र सूचना शिक्षा तथा सञ्चार सामग्रीहरू, पाकेट बुक, पोस्टर आदि वितरण गरेर अभिभावक र स्थानीय समुदायमा छलफल र अभिमुखीकरण सञ्चालन गर्ने | | | |
| **क्रियाकलाप ४.३ सार्वजनिक सञ्चार माध्यमका लागि सामग्रीहरू उत्पादन र वितरण गर्ने** | | | |
| ● बृहत् विद्यालय सुरक्षाका बारेमा विचारप्रधान लेखहरू तयार गर्ने र समाचारपत्र, एफएम, रेडियो तथा अरू सञ्चार माध्यमलाई उपलब्ध गराउने | | | |
| ● बृहत् विद्यालय सुरक्षाका सरोकारवालाहरू चर्चित टेलिभिजन तथा रेडियो कार्यक्रममा उपस्थित भई बृहत् विद्यालय सुरक्षाका बारेमा छलफल गर्ने | | | |
| ● श्रव्यदृश्य सामग्रीहरू उत्पादन गरी सञ्चारका सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यमबाट प्रसार गर्ने | | | |

**५. बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा स्थानीय सरकारलाई जानकारी दिन बनाइएको सञ्चार अभियान कार्ययोजना नमुना/उदाहरण**

| क्रियाकलापहरू | कार्यान्वयनकर्ता | स्रोत र लागत | समय |
|---|---|---|---|
| **लक्षित समूह ५ स्थानीय सरकारहरू** | | | |
| **उद्देश्यहरू**<br>● स्थानीय सरकारले बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेजलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुमोदन गरेको कुरा जानकारि राख्ने,<br>● न्यूनतम् प्याकेजको फाइदाबारे सुसुचित भई बृहत् विद्यालय सुरक्षा प्रवर्द्धन गर्ने,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि कहिले के गर्नुपर्छ भन्ने कुरा बुझी जानकारि राख्ने,<br>● सबै स्थानीय विद्यालयहरूमा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्दै सहजीकरण गर्नु,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि विद्यालयहरूलाई आवश्यकता अनुसार सहयोग गर्नु । | | | |
| **क्रियाकलाप ५.१ सामाजिक परिचालन कार्ययोजना बनाउने र स्थानीय स्वयंसेवक, युवासमूह, अभिभावक समूह, राजनीतिकर्मी, प्रभावशाली मानिसहरू, समुदायमा आधारित सङ्घसंस्था र अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।** | | | |
| ● बृहत् विद्यालय सुरक्षासँग सरोकार राख्ने स्थानीय समूहहरूको पहिचान गरी सूची बनाउने | | | |
| ● सम्बन्धित स्थानीय समूहहरू, र न्यूनतम् प्याकेज तथा कार्यान्वयन कार्यविधिका बारेमा मुख्य धारणा भएका मानिसहरूका लागि तालिम र अभिमुखीकरण आयोजना गर्ने | | | |

| | | | |
|---|---|---|---|
| ● विद्यालय परिवार, स्थानीय सङ्घहरू र अन्य सम्बन्धित समूहहरूसँग नियमित रूपमा बृहत् विद्यालय सुरक्षाका विषयमा समन्वय बैठक गर्ने | | | |
| ● स्थानीय समूहका प्रतिनिधिहरूलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी क्रियाकलापहरू र कार्यक्रमहरूमा आमन्त्रित गर्ने | | | |
| **कियाकलाप ५.२ लक्षित समूहकालागि विशेष सञ्चारसामग्रीहरू उत्पादन र वितरण गर्ने ।** | | | |
| ● बृहत् विद्यालय सुरक्षाको सन्देशसहितका फ्लेक्स र होर्डिङ बोर्डहरू उपलब्ध भएमा प्रयोग गर्ने वा उत्पादन गरी स्थानीय सरकारका कार्यालयहरूमा प्रदर्शन गर्ने | | | |
| ● विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा सन्देश उत्पादन गरी एकीकृत रूपमा वितरण गर्ने | | | |
| ● न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा स्थानीय सरकारका कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षा लक्षित पर्चा, पम्प्लेट र अन्य छापिएका सामग्रीहरू (यदि उपयुक्त सामग्रीहरू उपलब्ध छैनन् भने) उत्पादन गर्ने, | | | |
| ● स्थानीय सञ्चारका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी मुख्य सन्देशहरूसहितको निर्देशन पुस्तिका तयार गर्ने । | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी समाचार र विचारप्रधान लेखहरू तयार गरी समाचारपत्र, एफएम, रेडियो र अनलाइन समाचार पोर्टललाई उपलब्ध गराउन | | | |
| ● स्थानीय सरकार बृहत् विद्यालय सुरक्षा फेसबुक पेज र युट्युब च्यानल बनाउने<br>● चर्चित रेडियो, टेलिभिजन कार्यक्रम तथा समाचारमा बृहत् विद्यालय सुरक्षासम्बन्धी सन्देशहरू सूचना तथा विज्ञापनका रूपमा प्रसार गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षा रेडियो, टेलिभिजनकार्यक्रम तथा स्थलगत रिपोर्ट तयार गरी प्रसारण गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षाका सरोकारवालाहरूसँग रेडियो र टेलिभिजनमा गोलमेच छलफल गर्ने | | | |
| **कियाकलाप ५.३ समुदायमा बृहत् विधालय सुरक्षा सचेतना अभिवृद्धि क्रियाकलाप सञ्चालन गर्ने** | | | |
| ● स्थानीय सरकारले नियमित रूपमा विद्यालय परिवारसँग बृहत् विद्यालय सुरक्षासम्बन्धी छलफल र अन्तरक्रिया गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी दिवस तथा कार्यक्रमहरू मनाउने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी र्‍यालीहरू आयोजना गर्ने | | | |

## ६. बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा सङ्घीय र प्रादेशिक सरकार र तिनीहरूका निकायहरू, गैह्रसरकारी संस्था, अर्धगैह्रसरकारी संस्था, विकास साझेदारहरू र सञ्चारलाई जानकारी दिन बनाइएको सञ्चार अभियान कार्ययोजना नमुना र उदाहरण

| कियाकलाप | कार्यान्वयनकर्ता | स्रोत र लागत | समय |
|---|---|---|---|
| **लक्षित समूह ६ स्थानीय सरकारहरू;** सङ्घीय र प्रादेशिक सरकार तथा तिनीहरूका निकायहरू, गैह्रसरकारी संस्था, अर्धगैह्रसरकारी संस्था, विकास साझेदारहरू | | | |
| **उद्देश्यहरू**<br>● सबै विद्यालयमा न्यूनतम् प्याकेजको कार्यान्वयन अनिवार्य छ र यो राष्ट्रिय प्राथमिकतामा पर्दछ हो भन्ने कुरा बुझी अनुसरण गर्नु,<br>● विद्यमान तथा नयाँ नीति, कार्यविधि र अन्य माध्यमबाट न्यूनतम् प्याकेज कार्यान्वयनका लागि उपयुक्त वातावरण उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नु,<br>● बृहत् विद्यालय सुरक्षाका बारेमा प्रशासनिक निर्देशनहरू र सार्वजनिक घोषणाहरू जारी गर्नु,<br>● न्यूनतम् प्याकेज कार्यान्वयनका लागि स्थानीय सरकारलाई आवश्यक स्रोतसाधन व्यवस्था गर्नु,<br>● बृहत् विद्यालय सुरक्षाका लागि संस्थागत सुदृढीकरण, संयन्त्र र क्षमता विकास गर्नु । | | | |
| **कियाकलाप नं.६.१ सार्वजनिक सञ्चार सामग्रीहरू उत्पादन र प्रसारण गर्ने ।** | | | |
| ● प्रादेशिक सरकार, मन्त्रीहरू र सांसदहरूलाई प्रभावित पार्न बृहत् विद्यालय सुरक्षासम्बन्धी समाचार र विचारप्रधान लेखहरू तयार गरी सार्वजनिक सञ्चार र अन्य माध्यमलाई प्रसारणका लागि उपलब्ध गराउने | | | |
| ● बृहत् विद्यालय सुरक्षा फेसबुक पेज र युट्युब च्यानल बनाई यसलाई सङ्घीय र प्रादेशिक सरकारसँग जोड्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षा सन्देशलाई समाचारलगायत चर्चित रेडियो तथा टेलिभिजन कार्यक्रममा समावेश गर्ने | | | |
| ● एसएमएस सन्देश तयार गरी एकीकृत रूपमा धेरै जनालाई पठाउने | | | |
| ● बृहत् विद्यालय सुरक्षासम्बन्धी रेडियो, टेलिभिजन कार्यक्रम र स्थलगत रिपोर्ट तयार गरी प्रसारण गर्ने | | | |
| ● बृहत् विद्यालय सुरक्षाका सरोकारवालाहरूसँग रेडियो र टेलिभिजनमा गोलमेच छलफल गर्ने | | | |
| **क्रियाकलाप नं. ६.२ बृहत् विद्यालय सुरक्षाका लागि सङ्घीय र प्रादेशिक सरोकारवालाहरूसँग पैरवी गर्ने ।** | | | |
| ● विद्यालय सुरक्षासम्बन्धी सरकारी कागजातको सूची निर्माण | | | |
| ● सङ्घीय र प्रादेशिक सरोकारवालाहरूसँग बृहत् विद्यालय सुरक्षासम्बन्धी छलफल कार्यक्रम आयोजना | | | |
| ● बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजका बारेमा अभियानहरू आयोजना | | | |
| ● विपद् जोखिम न्यूनीकरण र बाल संरक्षणका विषयसमेत समावेश भएको बृहत् विद्यालय सुरक्षाका मुद्दाहरूको यथार्थ जानकारी | | | |
| ● प्रतिवेदन तयार गरी यसलाई प्रसारणका लागि सञ्चार माध्यममा वितरण | | | |

## अनुसूची ८ बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेजको सुदृढ बुझाइ मापनका लागि सुझाइएका मुख्य सूचकहरू

| सूचकहरू | | लक्ष्य प्राप्तिसम्ममा |
|---|---|---|
| **१. विद्यार्थीहरू** | | |
| १.१ | जवाफ दिनसक्ने विद्यार्थीको प्रतिशत ५ (उमेर, लिङ्ग र सीमान्तकृत समूहमा छुट्याइएको)<br>क. बृहत् विद्यालय सुरक्षा भनेको के हो ?<br>ख. न्यूनतम् प्याकेजका फाइदाहरू के के हुन् ? | |
| १.२ | तोकिएको समयावधिमा प्याकेजको कार्यान्वयनका विषयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग विद्यार्थीहरूले कतिपटक कुरा गरेका छन् ? (उमेर, लिङ्ग र सीमान्तकृत समूहमा छुट्याइएको) | |
| **२. प्रधानाध्यापकहरू र बृहत् विद्यालय सुरक्षा तथा लैङ्गीक समानता र सामाजिक समावेशीकरण सम्पर्क शिक्षकहरू** | | |
| २.१ | न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा सुनेका वा पढेका शिक्षकहरूको प्रतिशत (उमेर, लिङ्ग र सीमान्तकृत समूहमा छुट्याइएको) | |
| २.२ | आफ्नो जिम्मेवारीमा रहेका न्यूनतम् प्याकेजका तीन ओटा क्रियापलापका बारेमा बताउन सक्ने प्रधानाध्यापकहरू, लैङ्गीक समानता र सामाजिक समावेशीकरण तथा विपद् जोखिम न्यूनीकरण सम्पर्क शिक्षकहरूको प्रतिशत (उमेर, लिङ्ग र सीमान्तकृत समूहमा छुट्याइएको) | |
| २.३ | न्यूनतम् प्याकेजको केही भाग वा अंशलाई लागू गर्न चाहने शिक्षकहरूको प्रतिशत | |
| २.४ | न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिको पुस्तक (प्रतिहरू) भएका विद्यालयहरूको प्रतिशत | |
| २.५ | यी विषयमा कार्ययोजना बनाएका विद्यालयहरूको प्रतिशत<br>क. जोखिम न्यूनीकरण<br>ख. पूर्वतयारी<br>ग. बाल संरक्षण<br>घ. विद्यालय निरन्तरता | |
| २.६ | विगत वर्षमा गैह्र संरचनात्मक र ससाना अल्पीकरण कार्यहरू सञ्चालन गरेका विद्यालयहरूको प्रतिशत | |
| २.७ | कुनै निर्धारित समयमा बृहत् विद्यालय सुरक्षाका विषयमा विद्यालय परिवार र स्थानीय समुदायबिच अन्तरक्रिया<br>या सत्रहरू आयोजना गरेका विद्यालयहरूको प्रतिशत | |
| **३.१ विद्यालय व्यवस्थापन समितिहरू** | | |
| ३.१ | न्यूनतम् प्याकेज के हो र कार्यान्वयन कार्यविधि के प्रयोजनका लागि हो भन्ने थाहा पाएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको प्रतिशत | |
| ३.२ | आफ्नो जिम्मेवारीमा रहेका न्यूनतम् प्याकेजका क्रियापलापका बारेमा बताउन सक्ने विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको प्रतिशत | |

| | | |
|---|---|---|
| ३.३ | न्यूनतम् प्याकेज लागू गर्न चाहने विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको प्रतिशत | |
| ३.४ | न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका बारेमा निर्धारित समयमा विद्यालयमा बसेको बैठक सङ्ख्या | |
| ३.५ | न्यूनतम् प्याकेज क्रियाकलापहरूसँग बृहत् विद्यालय सुरक्षा कार्ययोजना समावेश गर्न विद्यालय सुधार योजनामा संशोधन वा परिमार्जन गरेका विद्यालयहरूको सङ्ख्या | |
| ३.६ | कार्यान्वयन कार्यविधि बमोजिम विद्यालयमा क्षमता अभिवृद्धि क्रियाकलापहरू सञ्चालन भएको सङ्ख्या | |
| ३.७ | संरचनात्मक लेखाजोखा गरेका र न्यूनतम् संरचनात्मक सुरक्षा क्रियाकलापहरू लागू गरेका तथा गुणस्तर सुनिश्चित गरेका विद्यालयहरूको प्रतिशत | |
| ३.८ | स्थानीय सरोकारवालासँग सम्बद्ध अख्तियारवालाहरूले गरेको बृहत् विद्यालय सुरक्षा समन्वय बैठक सङ्ख्या । | |
| **४. अभिभावक** | | |
| ४.१ | विद्यार्थीका लागि विद्यालय सुरक्षित स्थल हुनुपर्छ र न्यूनतम् प्याकेजको कार्यान्वयनले विद्यालयलाई सुरक्षित स्थल बनाउँछ भन्ने कुरा जानेका अभिभावकहरूको प्रतिशत | |
| ४.२ | आफ्ना बालबालिकाले अध्ययन गर्ने विद्यालयको अवस्था (सुरक्षित वा असुरक्षित) बुझेका अभिभावकहरूको प्रतिशत | |
| ४.३ | न्यूनतम् प्याकेजको फाइदा बुझेका अभिभावकहरूको प्रतिशत | |
| ४.४ | विद्यालय व्यवस्थापन समिति शिक्षकहरू र स्थानीय सरकार नै न्यूनतम् प्याकेज कार्यान्वयनमा मुख्य जिम्मेवार हुन्छ भन्ने बुझेका अभिभावकहरूको प्रतिशत | |
| ४.५ | विद्यालयमा अभिभावकको सक्रिय सहभागिताले न्यूनतम् प्याकेज कार्यान्वयनमा ऊर्जा र प्रेरणा दिन्छ भन्ने बुझेका अभिभावकहरूको प्रतिशत | |
| ४.६ | आफ्ना बालबालिकाको विद्यालयमा न्यूनतम् प्याकेज कार्यान्वयनको माग गर्न बारम्बार विद्यालयमा जाने अभिभावकहरूको प्रतिशत | |
| ४.७ | कुनै निर्धारित समयमा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूसँगका बैठकमा न्यूनतम् प्याकेज कार्यान्वयनको बारेमा छलफल गर्ने अभिभावकहरूको प्रतिशत | |
| **५. स्थानीय सरकार** | | |
| ५.१ | न्यूनतम् प्याकेज कार्यान्वयनका लागि विद्यालयहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने स्थानीय सरकारहरूको सङ्ख्या | |
| ५.२ | बृहत् विद्यालय सुरक्षाका लागि बजेट विनियोजन गरेका स्थानीय सरकारहरूको प्रतिशत | |
| ५.३ | निर्धारित समयमा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि अन्य सरोकारवाला र अख्तियारवालाहरूसँग भएका समन्वय बैठकको सङ्ख्या | |
| ५.४ | बाल संरक्षण र विद्यालय शान्तिक्षेत्रसम्बन्धी आचारसंहिता बनाएका विद्यालयहरूको सङ्ख्या | |

| ६. सङ्घीय र प्रादेशिक सरकारहरू | | |
|---|---|---|
| ६.१ | बृहत् विद्यालय सुरक्षा र न्यूनतम् प्याकेज कार्यान्वयनकालागि सङ्घीय र प्रादेशिक तहको नीति र कार्यक्रमहरूको उपलब्धता | |
| ६.२ | बृहत् विद्यालय सुरक्षाका लागि यस आर्थिक वर्षमा विनियोजन गरिएको बजेटको प्रतिशत | |
| ६.३ | बृहत् विद्यालय सुरक्षाका लागि राजनीतिक इच्छाशक्ति सार्वजनिक नीतिहरू स्रोतको बाँडफाँड र समन्वयका कार्यक्रमहरूसमेत संलग्न गरी तयार गरिएका घटना अध्ययनहरू | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार